# मधेशी आयोग

## को

# दोस्रो वार्षिक प्रतिवेदन

## आ.व. २०७६/७७

मधेशी आयोग
ज्वागल, ललितपुर, नेपाल
२०७७

**<u>मधेशी आयोगको दोस्रो बार्षिक प्रतिवेदन</u>**

प्रकाशक - मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं. +९७७-०१-५२६११८५

फ्याक्स नं. +९७७-०१-५२६११८५

**हेल्पलाईन : ११५२**

टोल फ्रि : **१६६००११६१८५**

अङ्क - दोस्रो

website :www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार© मधेशी आयोग

कम्प्युटर/मुद्रण - दीपकिरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, अनामनगर, काठमाडौं

# नेपालको नक्सा



दार्चुला
बैतडी
डडेलधुरा
कञ्चनपुर
बझाङ
बाजुरा
डोटी
अछाम
कैलाली
हुम्ला
मुगु
जुम्ला
कालीकोट
दैलेख
जाजरकोट
डोल्पा
रुकुम पश्चिम
सुर्खेत
सल्यान
बर्दिया
बाँके
दाङ
रोल्पा
रुकुम पूर्व
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी पश्चिम
मुस्ताङ
म्याग्दी
मनाङ
बागलुङ
कास्की
लमजुङ
गोरखा
स्याङ्जा
तनहुँ
नवलपरासी पूर्व
चितवन
मकवानपुर
धादिङ
नुवाकोट
रसुवा
सिन्धुपाल्चोक
काठमाडौं
ललितपुर
भक्तपुर
काभ्रेपलाञ्चोक
दोलखा
रामेछाप
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिरहा
सप्तरी
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
धनकुटा
तेह्रथुम
पाँचथर
उदयपुर
इलाम
सुनसरी
मोरङ
झापा



*सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रथम वार्षिक प्रतिवेदन पेश गर्नुहुदै आयोगका अध्यक्ष*

# आयोगका पदाधिकारी



**डा. विजयकुमार दत्त**

अध्यक्ष

## आयोगका सचिव




**भुवनहरि अर्याल**

सचिव

# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्या: २०७७/७८
चलानी नं. : ४७

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मिति : २०७७ भाद्र ३

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

विषय- दोस्रो वार्षिक प्रतिवेदन सम्बन्धमा ।

नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरेका कामसँग सम्बन्धित दोस्रो वार्षिक प्रतिवेदन यसै पत्रसाथ पेश गरेको छु ।

भवदिय

डा. विजय कुमार दत्त
अध्यक्ष


ईमेल: madheshicommission@gmail.com

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"
आयोगको हेल्पलाईन नं. ११५२

# मन्तव्य

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार र कर्तव्यकै आधारमा जीवनको सुनिश्चित गन्तव्यलाई मानवले प्राप्त गर्न सक्दछ र सोको आधारमा नै समाजको सन्तुलित विकास हुन्छ भन्ने तथ्य प्रमाणित भई सकेको छ । यसबाट नै मुल्य-मान्यता, समानता, न्याय, जवाफदेहिता, निष्पक्षता, पारदर्शिता, सहभागिता, समावेशिता- समानुपातिक र विविधताको व्यवहारिक अभ्यासको बाटोबाट पहुँचको गन्तव्य प्राप्त गर्न सहज हुन्छ । राज्यमा सवैको सहज पहुँचकै लागि नै मधेशी आयोग गठन भएको र यसलाई संवैधानिक स्वरूप प्रदान गरिएकोमा दुईमत छैन ।

आयोगले आफ्नो स्थापनाकाल देखि नै जनताको माझमा गई समन्वय र सहकार्यको माध्यमबाट सम्वादहीनताको अवस्थालाइ न्यूनीकरण गर्न सफल भएको छ । लोकचेतनामुलक कार्यक्रमहरूबाट मधेशी समुदायमा अति विपन्न, विपन्न, सम्पन्न र सुसम्पन्न वर्गलाई आयोगले पहिचान गरेको छ भने अर्को तर्फ लोक चेतनाको व्यापक अभाव र रूपान्तरणमा अत्यधिक कमी भएकोले मधेशी समुदायको सशक्तीकरण न्यून अवस्थामा छ । यसैले स्थानीय तहमा विपन्न र अति विपन्न वर्गको प्रभावकारी पहुँच हुन् नसकेको यथार्थता झल्किन्छ ।

विपन्न र अति विपन्न वर्गलाई राज्यको मूलधारमा ल्याउन अति आवश्यक रहेकोले उनीहरुको सहभागितामार्फत राज्यको स्रोत र साधनमा प्रभावकारी पहुँच स्थापित हुन्छ । यि कार्यहरूको लागि आयोगले पहिलो वार्षिक प्रतिवेदनमा नेपाल सरकारलाई सिफारिस गरिसकेको छ र पून: नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । आयोगले वार्षिक कार्ययोजना निर्माण गरि सो अनुसार कार्य संचालन गर्दै आइरहेको पनि छ । मधेशी समुदायको थर सुचिकरण गर्न र मधेश प्रोफाइल निर्माण गर्न प्राथमिकता दिएको छ । मधेशी आयोग ऐन, २०७४ अनुसार निर्देशित कार्यलाई आफ्नो मूलमर्म ठानेर अगाडी बढेको छ | आयोगको दायित्व अति महत्त्वपूर्ण रहेतापनि आयोगमा कार्यरत कर्मचारीहरुको सरूवा भई रहँदा काम गर्न अप्ठ्यारो महसुस भएको छ भने अर्कोतिर सरकारले आयोगलाई पूर्णता दिने तर्फ ध्यान नदिदा आयोगले अपेक्षा अनुसार आफ्ना कार्यलाई मधेशी समुदायमा पुर्याउन नसकिएको तितो सत्य नकार्न सकिदैन । आयोगलाई दिइने वार्षिक बजेट न्यून हुँदा आयोगका प्रस्तावित कार्यक्रम पनि हुन सकेको छैन । यस अवस्थामा आयोगलाई सबल र सुदृढ बनाउन संघीय सरकार र सम्बद्ध सबै पक्षको सहयोगको खाँचो छ ।

कोरोना महामारीको प्रतिकुल समयमा पनि आयोगले विभिन्न जिल्लाको अनुगमन गरेको छ र आयोगमा  प्राप्त उजुरीलाई आवश्यक कारबाहीको लागि सरोकारवाला निकायहरूमा सिफारिस समेत गरेको छ । कोरोना महामारीबाट आक्रान्त मधेशी समुदायसमेतको हितका लागि आयोगले ऐनको दफा १० अनुसार "उच्चस्तरीय अनुगमन समिति" गठन गरी यस महामारीको अनुगमन, समीक्षा र मुल्यांकन जस्तो गहन कार्यलाई उच्च प्राथमिकता दिई सम्बद्ध पदाधिकारीको सिफारिशमा विज्ञप्ति समेत जारी गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले गर्नुपर्ने  कामका लागि सम्बद्ध मन्त्रालय र निकायमा सुधारका लागि सुझाव समेत प्रस्तुत गरिएको छ ।

आयोगबाट विगतमा मधेशी युवाहरुको सशक्तीकरणलाई मुर्तरुप दिन लोक सेवा आयोगको तयारी कक्षा संचालन गरी राज्यको मूलधारमा उनीहरुलाई ल्याउने प्रयाश गरियो । सीपमुलक कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको आय आर्जनको अवस्था सुधार गर्न प्रदेश र स्थानीय सरकारलाई सिफारिस समेत गरियो। सामाजिक रुपमा विपन्न समुदायमा पिडा कम हुने गरि आयोगले विभेदीकरण विरुद्ध अभिमुखीकरण जस्ता महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन गरियो ।

संवैधानिक आयोग भएको हुँदा आयोगलाई सुम्पेको काम, कर्तव्य र अधिकारलाई अक्षरश: पालना गर्दै मुलुकको माटोको सुगन्धलाई सुगन्धित पार्ने काम गरेको छ । दार्चुला र सुस्ताका नागरिक/अनागरिकका पिडाहरू र सिमावर्ति क्षेत्रमा बनाईएका समानान्तर बाँधका साथै कोशी सम्झौताबाट श्रृजित समस्यालाई अध्ययन र अवलोकन गरि त्यस्ता समस्याहरु द्विपक्षीय वार्तामार्फत तत्काल समाधान गर्न नेपाल सरकारलाई सुझाव समेत दिएको छ । आयोगले सबै प्रदेशका नागरिक समाजसंग नियमित सम्पर्क गरी स्थानीय समस्या पहिचान गर्न प्रयत्न गरिरहेको छ | यसले गर्दा आयोगप्रति आमजनसमुदायको सकारात्मक धारणा रहेको पाइएको छ ।

मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास, दाईजो प्रथा तथा सबै प्रकारको शोषणको अन्त्यका लागि सचेतना कार्यक्रम मार्फत  आयोगले  अहोरात्र कार्य गर्दै आएको छ  र त्यस्ता कुप्रथा र शोषणको  न्यूनिकरणका लागि आवश्यक कदम चाल्न  नेपाल सरकारलाई सिफारिस गरिएको छ । साथै मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य र कला सहित ऐतिहासिक धरोहरका विषयलाई संरक्षण गर्न सम्बद्ध विषयका विज्ञहरू राखि  कार्यदल गठन गरी आयोगलाई सुम्पेको जिम्मेवारी पुरा गर्ने सोच राखेको छ । आयोगलाई विभिन्न

कार्यदल गठन गर्दा र प्राविधिक विषयहरुमा सुझाव लिँदा आवश्यक पर्ने विशेषज्ञहरुको रोष्टर तयार गरी अद्यावधिक समेत गरिएको छ । न्यून जनशक्ति र बजेट अभावको बाबजुद पनि उल्लिखित कार्यहरु गर्न आयोग निरन्तर अगाडी बढिरहेको छ ।

अन्त्यमा, आयोगको अध्यक्षको हैसियतले मधेशी आयोगको आ.व. २०७६/७७ को दोस्रो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूमा अर्पण गर्न पाउँदा अपार खुशी एवं आनन्दको अनुभव गरेको छु । मधेशी आयोगको कामकारवाहीलाई पूरा गर्न सहयोग गर्ने आयोगका सम्पूर्ण कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्दछु । मुलुकको चौतर्फी विकासमा मधेशी आयोगले अहोरात्र कार्य गर्दै आएको छ र निरन्तर रूपमा कार्य गरिरहने विश्वास समेत दिलाउन चाँहन्छु ।

धन्यवाद ।

*"जहाँ समस्या, त्यहि मधेशी आयोग"।*

*"वहुआयामिक समृद्धि र सुशासनको अभियान"।*

*"लोक चेतना, रुपान्तरण, सशक्तीकरण र पहुँचको सुप्रस्थान"।।*

**डा.विजयकुमार दत्त**

**अध्यक्ष**

# प्राक्कथन

मधेशी समुदायको उत्थान र विकासमा टेवा दिने उद्देश्यले अभिप्रेरित भई उनीहरुको सशक्तीकरण र राज्यको हरेक क्षेत्रमा पहुँच होस भन्ने उद्देश्यले नेपालको संविधान २०७२ को धारा २६२ बमोजिम स्वतन्त्र र सर्वाधिकार सम्पन्न संवैधानिक आयोगको रुपमा मधेशी आयोगको गठन भएको हो । आयोगको स्थापना भएपछि नेपाल सरकार र मधेशी समुदायबीच समन्वयात्मक भूमिका खेल्ने गरी आयोगले विभिन्न रचनात्मक कार्यहरु गर्दै आएको छ । मधेशी आयोग ऐन, २०७४ ले दिएको काम, कर्तव्य र अधिकारलाई आफ्नो मूलमन्त्र मानी त्यस बमोजिम मधेशी समुदायलाई राज्यले प्रत्याभूति गरेका सुविधाहरु उनीहरुको घर दैलोमा पुर्याउन आफ्नो गहन भूमिका निर्वाह गरेको छ र यसको निरन्तरता दिदै आउने अठोट गरेको छ । कार्यसम्पादनमा विधिको शासन स्थापित गर्न आयोगको ऐनलाई शिरोधार्य गरी बैठक संचालन सम्बन्धी कार्यविधि २०७५ र मधेशी आयोगको (आन्तरिक कार्यसञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७६ स्विकृत गरी सोही बमोजिम कार्य गर्दै आएको छ ।

मूलत: आयोगले ऐनमा उल्लेख भएका काम, कर्तव्य र अधिकार बमोजिम मधेशी समुदायको सशक्तीकरण गर्ने, मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने, सांस्कृतिक कुरीति र अन्धविश्वासको न्यूनिकरण गर्न विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने, थर सूचिकरण गरी सरकारलाई सिफारिस गर्ने, मधेशी समुदायको अधिकार उल्लंघन गर्ने विरुद्ध उजुरी लिने कार्यहरु गर्दछ । आयोगबाट प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गरी सरकारलाई सुधारात्मक पक्षमा सुधारका लागि सुझाव दिने गर्दछ । आयोगबाट आवश्यक परेमा विषय विज्ञसँग सुझाव लिने, सेवा लिने गर्दछ । मधेशी समुदायको हितका लागि कुनै लक्षित कार्यक्रम भएमा विज्ञ सम्मिलित कार्यदल गठन गरी जानकारी लिई सरकारलाई सुझाव समेत पेश गर्न सक्दछ । आ.व. २०७६/७७ को पहिलो र दोस्रो चौमासिकमा विभिन्न कार्यक्रमहरु संचालन भएता पनि तेश्रो चौमासिकको शुरुमै कोरोना (Covid-19) को असर र सरकारले गरेको लकडाउनका कारणले आयोगको महत्वपूर्ण कार्यक्रम स्थगित हुन पुग्यो, देशको सम्पूर्ण संयन्त्र नै covid-19 को संक्रमण नियन्त्रणमा लागेको बेला आयोगले मधेशी समुदायमा परेको असरलाई कसरी न्यूनिकरण गर्न सकिन्छ भन्ने हेतुले माननीय अध्यक्षज्यूको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति गठन गरी कोरोना महामारीको असर र प्रभावका बारेमा र अन्य समसामयिक विषयमा छलफल गरी निष्कर्ष निकाल्न प्रयत्न गर्यो । नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, नेपाल मेडिकल एसोसिएसन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, महिला अधिकारकर्मी, नागरिक समाजका विज्ञहरु सम्मिलित उक्त समितिबाट आ-आफ्नो क्षेत्रबाट

गरिएको योगदानका विषयमा विवरण प्रस्तुत भै छलफल भएको र तत्काल विज्ञप्ति प्रकाशन गर्नुको साथै सरकारलाई एकमुष्ट सुझाव समेत दिइसकेको छ । यसबाट आयोगले लकडाउनको समयलाई पनि पूर्ण सदुपयोग गरी देशका विद्यमान समस्यामा आयोगको योगदान रहेको विषयमा दुइमत छैन ।

मधेशी समुदायमा सामाजिक/सांस्कृतिक कुरीति विद्यमान रहनु, चुरे दोहन निरन्तर हुनाले मधेशमा बाढी, कटान र भरानको असर पर्नु र पानीको तह घट्दै जानु, सरकारले सञ्चालन गरेको स्वास्थ्य र शिक्षाको कार्यक्रमहरुबाट मधेशी समुदायले लाभ लिन नसक्नु जस्ता समस्याहरु विद्यमान भएकोले आयोगले ती समस्या समाधानका लागि प्रयत्न गरेको तथापि न्यून बजेट, जनशक्ति र श्रोतसाधनको अभावमा आयोग किंकर्तव्यविमूढ मै रहनु परेको तितो सत्य नकार्न सकिदैन ।

मुलुकको आधाभन्दा बढी जनसंख्या रहेको तराई मधेश क्षेत्रमा अन्य जातजातिको तुलनामा मधेशी समुदाय निकै विपन्न अवस्थामा रहेका छन । मुलुकमा संघीयता लागु भै सकेपछि मधेशको विकासमा थप फड्को मार्ने आशा गरिएतापनि संघ, प्रदेश र स्थानीय सरकारको क्रियाकलापबाट ति समुदाय अझैपनि सन्तुष्ट छैनन् ।

अन्तमा, मधेशी आयोगबाट प्रकाशनमा ल्याएको यस प्रतिवेदनबाट विगतमा आयोगले पुर्याएका कदमहरु उल्लेखित छन् । जसबाट सरोकारवाला सबैलाई जानकारीमूलक हुने विश्वास लिइएको छ । मधेशी समुदायलाई राज्यको मूलधारमा ल्याई हरेक क्षेत्रमा उनीहरुको प्रतिनिधित्व स्विकार गर्न सरकार र अन्य निकायहरु एक कदम अगाडी बढ्नु जरुरी छ । आयोगलाई थप सशक्त बनाउन सरकारले सहयोग पुर्याउन जरुरी छ । आयोगलाई पूर्णता दिई आयोगले सिफारिस गरेका विषयहरुमा सरकारले कार्यान्वयन गरिदिने हो भने भविश्यमा मधेशी समुदायको उत्थान हुने निर्विवाद छ । प्रतिवेदन तयार गर्न सहयोग पुर्याउनु हुने आयोगका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दिनुका साथै प्रतिवेदन तयारीका लागि माननीय अध्यक्षज्यूबाट दिनुभएको निर्देशनले थप उर्जा आएको सबैले महसुस गरियो । आयोगलाई सरोकारवाला सबै व्यक्ति र निकायहरुको निरन्तर सहयोग र सल्लाहको अपेक्षा गरिएको छ ।

धन्यवाद ।

**भुवनहरि अर्याल**
**सचिव**

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले मधेशी आयोग ऐन, २०७४ बमोजिमका कार्य सम्पादन गर्दै आइरहेको छ ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

आयोगको ऐनको दफा ७ (ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल १८३ वटा उजुरीहरु आयोग समक्ष प्राप्त भएका छन ती उजुरीको आवश्यक छानबिन तथा तहककिकात गरी पिडितलाई न्याय दिलाउन आयोगले सम्बन्धित निकायमा सिफारिस गरि पठाएको छ ।

(परिच्छेद २ संग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक अनुगमन गरि सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले विभिन्न जिल्लाको अनुगमन भएको थियो । अनुगमनका सिलसिलामा बाढी पहिरोले पुर्याएको क्षतिको अनुगमन, मधेशी समुदायमा देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादको विवरण बुझ्न, नेपाल-भारत सीमामा उत्पन्न तनावले मधेशी समुदायमा पारेको प्रभाव अध्ययन गर्न, कोभिड-१९ महामारी र लकडाउनले मधेशी समुदायको जनजीवनमा पारेको प्रभावको अनुगमन गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि चाल्नुपर्ने कदमको सुझाव लिनका लागि तत् तत् क्षेत्रमा अनुगमन गरी प्रतिवेदन लिइएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरि पठाइएको थियो ।

(परिच्छेद २ संग सम्बन्धित)

## २. सम्बर्द्धन

### (क) विज्ञ सूचीकरण

आयोगको ऐनको दफा ७ (९र१०) अनुसार आयोगले सम्पादन गर्नुपर्ने काममा कानुन बमोजिम विशेषज्ञको सेवा लिनको लागि विज्ञ सूचि तयार गरी विशेषज्ञको सेवा लिने कार्य भएको छ । आयोगलाई आवश्यक पर्ने विशेषज्ञको सूची अद्यावधिक गरिएको छ, जसमा ४७ जना विज्ञले नाम दर्ता गराउनु भएको छ ।

(परिच्छेद २ संग सम्बन्धित )

**(ख) थर सूचीकरण**

आयोगको ऐनको दफा ७ (ड) अनुसार मधेशी समुदायको पहिचानका सम्बन्धमा अध्ययन गरी थर सूचीकरण कार्यको थालनी गरिएको छ । यसका लागि हालसम्म गरेका कार्यहरुको विवरण सम्बन्धित निकायहरुबाट माग गरिएको छ । थर सूचीकरणलाई अद्यावधिक र समयसापेक्ष बनाउन आयोगबाट विश्वविद्यालयका पदाधिकारी, केन्द्रीय तथ्यांक विभागका पदाधिकारी, संस्कृतिविद, समाजशास्त्री लगायतका विज्ञ, मानवशास्त्री, बुद्धिजीवी लगायतसँग अन्तरक्रिया गरिएको छ । अन्तरक्रियाबाट अमूल्य सुझावहरु प्राप्त भई थर सूचीकरणका लागि सहजता भएको सन्दर्भमा आगामी आ.व. मा आयोगबाट थर सूचीकरणको अन्तिम खाका तयार गरी नेपाल सरकारमा पठाउने अठोट राखेको छ । यसका लागि प्रस्तावित बजेट न्यून भएका कारण थप बजेट व्यवस्था गर्नका लागि आयोगबाट अर्थ मन्त्रालयमा अनुरोध गरिएको छ ।
थर सूचीकरणको अवस्था बुझ्ने सिलसिलामा आयोगबाट यस आ.व. मा ७७ वटै जिल्ला समन्वय समिति र ७५३ वटै स्थानीय तहसँग मधेशी समुदायको थर संकलन गरी पठाईदिन पत्राचार समेत गरिएको छ ।
(परिच्छेद २ संग सम्बन्धित )

**(ग) अन्तरक्रिया कार्यक्रम**

आयोगको ऐनको दफा ७ (झ) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका बुद्धिजीवीहरु, नागरिक समाज, जिल्लास्तरीय कार्यालयका प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । प्रतिवेदन अवधिमा स्थानीय नागरिक समाज द्वारा आयोजित साना ठुला गरी २४ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन । यस्ता कार्यक्रमबाट मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि आयोगको भूमिका महत्वपूर्ण रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।
(परिच्छेद २ संग सम्बन्धित )

**(घ) समीक्षा**

आयोगको ऐनको दफा ७ (ङ) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघसंस्थाहरुले ती समुदायहरुमा सञ्चालन गर्ने कार्यक्रमको उपादेयताको विषयमा समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने कार्यक्रमलाई मध्यनजर राख्दै आयोगबाट सुदूरपश्चिम प्रदेशको धनगढीमा २०७६/११/२१ गते वृहत समीक्षा कार्यक्रम गरिएको थियो । उक्त समीक्षा कार्यक्रममा स्थानीय तहले वर्तमान समयमा गरिरहेका मधेशी समुदाय लक्षित कार्यक्रमको सम्बन्धमा छलफल गरी आगामी दिनमा सुधार गर्दै लैजान र विपन्न र अति विपन्न वर्गको उत्थानका लागि स्थानीय तहले विशेष प्राथमिकता दिई कार्यक्रम राख्नका लागि आयोगले महत्वपूर्ण सुझाव दिएको थियो । अन्य प्रदेशमा पनि यस्तै कार्यक्रम राख्ने र स्थानीय तह र स्थानीय प्रशासन समेतलाई सहभागी गराई आयोगको कार्यक्रम सम्प्रेषण उद्देश्य राखिएको भएतापनि

कोरोना महामारी र लकडाउनका कारण उक्त कार्यक्रम सम्पन्न गर्न नसकिएको हुँदा आ.व. २०७७।७८ मा यस्ता कार्यक्रमलाई अभियानका साथ लैजाने अठोट गरिएको छ । (परिच्छेद २ संग सम्बन्धित )

**(ङ) सशक्तीकरण**

आयोगको ऐनको दफा ७ (ख) अनुसार मधेशी समुदायलाई सशक्तीकरण गरी विकासको मूल धारमा ल्याउने उदेश्यले मधेशी युवालाई सरकारी सेवामा प्रवेश गराउन वान्छनिय हुन्छ । यसै कुरालाई मध्यनजर राख्दै आयोगले यस आ. व. मा अधिकृतस्तरको लोक सेवा सम्बन्धी तयारी कक्षा सञ्चालन गरियो । सो तयारी कक्षामा ३९७ जना मधेशी समुदायको विद्यार्थी मध्य आयोगबाट ५० जना आवेदकलाई छनौट गरी कक्षा सञ्चालन गरिएको थियो र सो फलदायी भएको थियो । आयोगबाट यस्ता कार्यक्रम अभियानका साथ प्रदेश स्तरमा समेत लैजाने प्रतिबद्धता भएता पनि सरकारबाट प्रदान गरिएको सिमित बजेटको कारण गर्न नसकिएको हुँदा आगामी आ. व. मा यस्ता कार्यक्रम गर्नका लागि आयोगको माग बमोजिमको प्रयाप्त स्रोत र साधनको व्यवस्थापन जरुरी देखिन्छ ।
(परिच्छेद २ संग सम्बन्धित )

## ३. सिफारिस

**(क) विभिन्न निकायमा गरिएको सिफारिस**

आयोगको ऐनको विभिन्न दफा अनुसार तराई मधेशमा बाढीले पुर्याएको क्षति न्यूनीकरण गर्न र प्रभावित व्यक्तिहरुको खाना, नाना र छानाको व्यवस्थापनका लागि चाल्नुपर्ने कदम, नेपाल-भारत सीमामा देखिएको समस्यालाई द्विपक्षिय वार्ता मार्फत समाधान गर्न सरकारलाई सुझाव दिईएको र कोरोना महामारीबाट आक्रान्त मधेशी समुदायलाई परेको विभिन्न समस्या समाधान गर्न चाल्नु पर्ने उपाय सहितका सुझावहरुका साथै अन्य विषयहरुमा समेत समय समयमा सम्बद्ध निकायहरु र नेपाल सरकारलाई सुझाव तथा सिफारिस गरिएको छ । शिक्षाबाट बञ्चित लक्षित वर्गलाई शिक्षामा सहज पहुँच, कुरिति, अन्धविश्वास, दाईजो प्रथा र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिश गरिएको थियो ।
(परिच्छेद ३ संग सम्बन्धित)

**(ख) उच्चस्तरीय अनुगमन समितिबाट गरिएको सिफारिस**

आयोगका माननीय अध्यक्षको संयोजकत्वमा गठन गरिएको उच्चस्तरीय अनुगमन समितिबाट कोरोना महामारी, बाढी पहिरो तथा अन्य समसामायिक विषयमा सरोकारवाला निकायहरुसँग गहन छलफल गरि प्राप्त सुझावका आधारमा नेपाल सरकारलाई ५० बुदे सुझाव प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# विषय–सूचि


| विषय | पेज नं. |
|---|---|
| प्रतिवेदन सारांश | |
| परिच्छेद - १ | |
| प्रारम्भिक | |
| १.१ पृष्ठभूमी | १ |
| १.२ आयोगको उद्देश्य | १ |
| १.३ आयोगको काम, कर्तव्य र अधिकार | १ |
| १.४ संगठन | ४ |
| परिच्छेद -२ | |
| सञ्चालित कार्यक्रम र गतिविधि | ५ |
| २.१ हक हितको संरक्षण | ५ |
| २.१.१ उजुरी | ५ |
| २.१.२ अनुगमन र स्थानीय स्तरबाट आयोजित कार्यक्रमहरू | ६ |
| २.१.३ उच्चस्तरीय अनुगमन सम्बन्धी कार्यक्रम | ६ |
| २.२ अधिकारको प्रबर्द्धन र सशक्तीकरण | ७ |
| २.२.१ प्रतिवेदन प्रकाशन | ७ |
| २.२.२ लोक सेवा तयारी सम्बन्धी कक्षा | ८ |
| २.२.३ सुदूरपश्चिम प्रदेशमा भएको समिक्षात्मक कार्यक्रम | ९ |
| २.२.४ मधेशी समुदायको थर सूचीकरण | १० |

| | |
|---|---|
| २.२.५ मधेशी आयोगको सरोकारवालाहरूसँग विमर्शात्मक बैठक | १२ |
| २.३ आयोगका गतिविधी | १२ |
| २.३.१ आयोगको बैठकका निर्णयहरू | १२ |
| २.३.२ आयोगको प्रेस विज्ञप्ति | १२ |
| २.३.३ विज्ञ सूचीकरण | १३ |
| परिच्छेद -३ | |
| सिफारिस तथा सुझाव | |
| ३.१ अनुगमनबाट प्राप्त सिफारिस तथा सुझाव | १४ |
| ३.१.१ प्राकृतिक प्रकोप ब्यवस्थापन सम्बन्धी | १४ |
| ३.१.२ उच्च स्तरीय अनुगमन समितिको प्रतिवेदन | १५ |
| ३.२ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरू | २० |
| परिच्छेद- ४ | |
| भौतिक स्रोत साधन र उपयोगको अवस्था | २६ |
| ४.१ आयोगको भौतिक सम्पत्ति | २६ |
| परिच्छेद -५ | |
| उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरू | २७ |
| ५.१ उपलब्धीहरू | २७ |
| ५.२ चुनौतिहरू | २९ |
| ५.३ आयोगको सुझाव | २९ |
| ५.४ भावी कदमहरू | ३१ |

| परिच्छेद -६ | |
|---|---|
| कार्यक्रम र लागत | ३३ |
| ६.१ वार्षिक कार्यक्रम र खर्च | ३३ |
| अनुसूचिहरू | |
| अनुसूची-१ आयोगको स्विकृत दरबन्दी चार्ट | ३३ |
| अनुसूची-२ आयोगमा हाल कार्यरत कर्मचारीहरूको विवरण | ३४ |
| अनुसूची-३ आयोगमा परेका उजुरीहरूको विवरण | ३६ |
| अनुसूची-४ अनुगमन तथा जनस्तरमा भएका कार्यक्रमहरू | ५४ |
| अनुसूची-५ लोक सेवा तयारी कक्षा संचालन सम्बन्धी विवरण | ५५ |
| अनुसूची-६ मधेशी आयोग र सरोकारवालावीच भएका अन्तरक्रिया कार्यक्रमको विवरण | ६४ |
| अनुसूची-७ आयोगको बैठकको निर्णयहरू | ६६ |
| अनुसूची - ८ आयोगको प्रेस विज्ञप्ति | ७७ |
| अनुसूची - ९ विज्ञहरूको नामावली | ८३ |
| अनुसूची-१० कोभिड-१९ को सन्दर्भमा अनुगमन समितिको कार्यविधि | ८६ |
| अनुसूची-११ आयोगका भौतिक सम्पति | ८९ |
| अनुसूची-१२ आयोगको आर्थिक विवरण | ९० |

# परिच्छेद - १

## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

मधेशी समुदायको जनभावनालाई मध्यनजर राखी नेपालको संविधान, २०७२ को धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधान, २०७२ को धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणिकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो । नेपाल सरकारको मिति २०७५।०७।२५ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्त नियुक्ति हुनु भइ मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्यप्रारम्भ गर्नु भई मधेशी आयोग मधेशी समुदायको हक हित संरक्षण र सम्बर्द्धनमा आफ्नो कार्यसम्पादन गर्दै आएको छ ।

### १.२ आयोगको उद्देश्यः

नेपालको संविधान, २०७२ को धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

### १.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएका छन्ः

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेको छन:

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

## १.४ संगठनः

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ ।

नेपालको संविधान, २०७२ को धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु रहने व्यवस्था छ ।

आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत ३० जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । संगठन संरचना अनुसूची-१ मा र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-२ मा दिइएको छ ।

# परिच्छेद— २

## आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो ।

### २.१ हक हितको संरक्षण

### २.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा कुल १८३ वटा उजुरीहरु प्राप्त भएका छन ।जस मध्ये पत्यक्षबाट ४८ र अप्रत्यक्ष (टेलीफोन,सामाजिक सञ्जाल,मिडिया)बाट १३५ गरि जम्मा १८३ वटा उजुरीहरु प्राप्त हुन आएका छन् । आयोगमा प्राप्त हुन आएका उजुरी विभिन्न माध्यमबाट संकलन गर्ने, आयोग समक्ष पेश गर्ने र कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखि पठाउनका लागि आयोगका सचिवको नेतृत्वमा उजुरी सम्बोधन समिति बनाई उजुरी व्यवस्थापन गर्ने कार्य भइरहेको छ । उजुरीहरु संकलन गरी सो उपर छानविन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस साथ लेखी पठाइएका छन् । यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको अनुसूची ३ मा उल्लेख गरिएको छ ।

**आयोगमा प्राप्त उजुरी र माध्यम**

| उजुरी प्राप्त माध्यमहरु | | |
|---|---|---|
| प्रत्यक्ष | अप्रत्यक्ष (टेलीफोन,सामाजिक सञ्जाल,मिडिया) | जम्मा |
| ४८ | १३५ | १८३ |

**आयोगमा प्राप्त उजुरीको फछ्र्यौटको अवस्था**

| प्राप्त उजुरी | फछ्र्यौट भएका | तामेलीमा रहेका |
|---|---|---|
| १८३ | १८३ | ० |

## २.१.२ अनुगमन र स्थानीय स्तरबाट आयोजित कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने सम्बन्धमा आयोगबाट विभिन्न प्रदेश, जिल्ला, क्षेत्र र समुदायमा अनुगमनको कार्य गरेको थियो । आयोगबाट भएको अनुगमन सम्बन्धमा विस्तृत विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।

## २.१.३ उच्चस्तरीय अनुगमन सम्बन्धी समिति

Covid-१९ ले विश्व नै आक्रान्त भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६/१२/११ देखि लकडाउन गरेको थियो । यसले नेपाली जनजीवन खास गरी मधेशी समुदायमा पारेको असरको अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्न यस मधेशी आयोग ऐनको दफा ११ अनुसार २०७५/१२/३० को निर्णयबाट आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा आयोगका उच्च पदस्थ कर्मचारीका साथै नेपाल बार एसोसिएसनका प्रतिनिधि, नेपाल पत्रकार महासंघका अध्यक्ष, नेपाल मेडिकल एसोसिएसनका प्रतिनिधि, महिला अधिकारकर्मी, नागरिक समाजका अगुवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल एवं राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरु रहेको उच्च स्तरिय अनुगमन समिति गठन गरी ६ वटा

प्रत्यक्ष र २ वटा भर्चुयल बैठक बसी सरकारलाई पत्र तथा विज्ञप्ति मार्फत विभिन्न सुझावहरु प्रस्तुत गरिएको थियो । सो उच्च स्तरिय अनुगमन समितिले नेपाल सरकारलाई सिफारिस गरेका मुख्य बुदाँहरु परिच्छेद ३ को सिफारिश खण्डमा राखिएको छ ।

## २.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस मधेशी आयोगको मिति २०७५/०७/२५ मा स्थापना भए पश्चात आ.व. २०७५/७६ मा आयोगद्धारा संचालित विभिन्न कार्यक्रमको सम्बन्धमा आयोगले प्रथम बार्षिक प्रतिवेदन तयार गरि सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको छ । कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगलाई विभिन्न सुझावहरु समेत दिनुभएको थियो ।

सम्माननीय राष्ट्रपतिज्यूबाट छोटो समयमा नै मधेशी आयोगले राम्रो काम गरेको र गरिएका कामहरु भन्दा अझै प्रभावकारी कार्यहरु सम्पादन होस भनि शुभकामना दिनुभएको छ साथै प्राकृतिक तथा सांस्कृतिक विविधताको देश नेपालमा १२५ भन्दा बढी जात-जाती र भाषा-भाषीहरु रहेका छन र ती जात-जातीहरु बीचको आपसी सम्बन्ध नै नेपालीहरुको आधारभूत र महत्वपूर्ण सम्पत्ति रहेको छ।एक आपसमा अझ बढि अन्तर-सम्बन्धको विकास हुनु आवश्यक छ।नेपालीहरुको मौलिकता र माटोको सुगन्धको आधारमा विकासलाई मलजल गर्नुपर्दछ। राष्ट्रिय एकताको लागि हिमाल, पहाड र तराई-मधेशमा अझ बढी अन्तर-सामाजिक र अन्तर-सांस्कृतिक सम्बन्धलाई विकास गर्नुपर्दछ। भाषा, लिपि र सांस्कृतिको बीचमा सहकार्य र सह-अस्तित्वलाई घनिभूत रुपमा बढाउदै जानुपर्दछ। धार्मिक रुपमा पनि एउटै सम्बन्ध रहेकोले मिश्रित बसोबास नै हाम्रो सम्पत्ति र पहिचान बनेको छ र अझै प्रभावकारी तवरले अगाडी बढाउँदै जानुपर्दछ। सह-कार्यको संस्कारलाई बढाउदै जानुपर्दछ। मधेशी समुदायको पहलमा नै प्राकृतिक स्रोत सु-व्यवस्थापन गर्नुपर्दछ। **Global Warming** ले पर्यावरणीय समस्यालाई अझै बढाएकोले सो सम्बन्धमा एकजुट भई समाधान तिर जानुपर्दछ ।एक अर्काको समुदायको अनुहार , देवता , अनुभव सबै एउटै भएकाले अन्तर सांस्कृतिक सम्बन्धलाई प्रोत्साहन गर्नुपर्दछ। हामी नेपालीहरु एक अर्का प्रति सहिष्णु हुनुपर्दछ। महिला शिक्षालाई प्रोत्साहन गरी परिवार र समाजको विकासमा योगदान हुँदै जानेछ र भएका ठूलो खाडलहरु पूरिदैं जानेछन्। महिला, दलित, विपन्नहरुलाई

दोहोरो मारबाट बचाउँदै मुलधार तिर अग्रसर हुने वातावरण निर्माण गर्नुपर्दछ। रेमिटान्सलाई उचित ढंगले व्यवस्थापन गरि मुलुक र समाजको निर्माणमा प्रयोग गर्दै जानुपर्दछ।

त्यसैगरी आयोगले प्रथम बार्षिक प्रतिवेदन सातैवटा प्रदेशमा गई प्रदेश प्रमुख समक्ष पेश गरेको थियो ।

संविधानको धारा २९४ (२) अनुसार, मंसिर १७ गते प्रदेश २ मा, पौष ७ गते प्रदेश १ मा, पौष १९ गते बागमती प्रदेशमा, पौष २५ गते गण्डकी प्रदेशमा, पौष २८ गते प्रदेश ५ मा, माघ २ गते कर्णाली प्रदेशमा र माघ ७ गते सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गरिएको थियो ।

### २.२.२ लोक सेवा तयारी सम्बन्धी कक्षा

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नुलाई यस आयोगको काम, कर्तव्य र अधिकार भनी व्याख्या गरिएको छ । मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले लोक सेवा आयोगबाट विज्ञापन भएको अप्राविधिक तर्फको नेपाल प्रशासन सेवा राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत स्तरको प्रशासनिक अभिरुचि परीक्षण विषयक प्रथम चरणको तयारी कक्षा संचालनको लागि आयोगको स्विकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७६/०८/१८ मा यस आयोगबाट सूचना प्रकाशित गरिएकोमा अनुसूची ५ बमोजिमका ३९७ जनाको दरखास्त प्राप्त हुन आएकोमा आयोगबाट मिति २०७६/०८/२९ गते नमूना छनौट परीक्षा संचालन गरी सहभागी उम्मेदवारहरु मध्ये बढी अंक प्राप्त गर्ने पुरुष ३३ जना र महिला १७ जना गरी कुल ५० जनालाई छनौट गरिएको थियो । यसरी छनौट भएकाहरुलाई मिति २०७६/०९/०४ गते देखि बानेश्वर काठमाण्डौमा कक्षा संचालन गर्ने कार्य भएको थियो । यस कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई निम्नानुसार लिपिवद्ध गरिएको छ ।सहभागी हुनका लागि निवेदन दिनेको नामावली तथा सहभागीका लागि छनौट भएका व्यक्तिहरुको नामावाली अनुसूची ५ मा राखिएको छ ।

**सुझावः-**

१. लोक सेवा तयारी कक्षा संचालन प्रदेशगत तथा जिल्लागत रुपमा गर्दा राम्रो हुन्थ्यो ।
२. आवेदक सबैले तयारी कक्षामा सहभागी हुन पाउँदा राम्रो हुन्थ्यो ।
३. आउदो वर्षमा शाखा अधिकृतको मात्र नभई सबै पदको छुट्टाछुट्टै कक्षा संचालन गर्दा अझ प्रभावकारी हुन्थ्यो ।
४. सिमित बजेटबाट तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुन्छ ।
५. तयारी कक्षा अत्यन्त फलदायी भएको र निरन्तरता प्रदान गर्नु पर्ने ।

## २.२.३ सुदूरपश्चिम प्रदेशमा भएको समिक्षात्मक कार्यक्रम

मधेशी आयोगको मिति २०७६ फाल्गुण १२ गतेको निर्णय बमोजिम सुदूरपश्चिम प्रदेशको धनगढीमा कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहमा मधेशी समुदाय लक्षित कार्यक्रमको समीक्षात्मक अन्तरक्रिया कार्यक्रम गर्ने भन्ने तय भए अनुरुप मिति २०७६ फाल्गुण २१ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा कार्यक्रम गरिएको थियो ।

उक्त कार्यक्रममा कैलालीका १० वटा स्थानीय तह र कञ्चनपुरका ६ वटा स्थानीय तहका पदाधिकारी र कर्मचारी तथा मधेशी समुदाय लक्षित कार्यक्रम गर्ने गैरसरकारी संघ संस्थाका पदाधिकारी र सुदूरपश्चिम प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने सामाजिक विकास मन्त्रालय र केही माननीय प्रदेश सभा सदस्य तथा राजनीतिक दल गरी ८१ जनाको सहभागिता भएको थियो । सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा माननीय मुख्यमन्त्री, विशिष्ट अतिथिमा माननीय सभामुख हुनुहुन्थ्यो ।

सो कार्यक्रममा आयोगका सचिव खड्ग बहादुर कार्कीले मधेशी समुदायको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणको लागि मधेशी आयोगको भूमिका विषयक प्रथम कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रिय निर्देशक झंकरबहादुर रावलले सुदूरपश्चिम प्रदेशमा मधेशी समुदायको मानव अधिकारको अवस्था तथा कैलाली र कञ्चनपुर जिल्लामा मधेशी समुदाय लक्षित कार्यक्रमको अवस्था विषयक दुईवटा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । ती कार्यपत्रमाथी

वरिष्ठ पत्रकार उमिद वागचन्द, गैससकर्मी खड्ग जोशी, मधेशी बुद्धिजीवी राजेन्द्र अग्रवाल र दिनेश यादवले टिप्पणी गर्नुभएको थियो ।

उक्त कार्यक्रममा धनगढी उपमहानगरपालिका, भजनी नगरपालिका र बेलौरी नगरपालिकाका प्रतिनिधीहरुले आ आफ्नो स्थानीय तहमा मधेशी समुदाय लक्षित कार्यक्रमबारे जानकारी गराएका थिए । सो कार्यक्रमका विशिष्ट अतिथि प्रदेश सभा सभामुख माननीय अर्जुनबहादुर थापाले हाम्रो मुलुक मूलत: शिक्षाको कमीको कारण पछाडी परेको; त्यसमा पनि मधेश र सुदूरपश्चिममा शैक्षिक चेतनाको कमी भएका कारण मधेशी आयोगले मधेशी समुदायको शैक्षिक चेतनाको स्तर उकास्नका लागि उपयुक्त कार्यक्रम तयार पारी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने कुरा बताउनुभएको थियो। त्यसै गरि उक्त कार्यक्रमका प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय त्रिलोचन भट्टले नेपालको वर्तमान संविधानले विविधतालाई स्वीकार गरेको, सबैलाई बराबरी हक अधिकार प्रदान गरेता पनि कार्यान्वयनको कमजोरीले कुनै भुभागले बढि र कुनै क्षेत्रले कम प्राथमिकता पाइरहेकोले मधेशी समुदायको हक अधिकारका खातिर मधेशी आयोगले पहरेदारको भूमिका निभाउनुपर्ने कुरा व्यक्त गर्दै आयोगको क्रियाशिलताको सराहना समेत गर्नुभएको थियो ।

अन्तमा, आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तले उपस्थित प्रमुख अतिथि लगायत सबै सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै सिमित स्रोत साधन, कर्मचारीको अस्थिरताको बाबजुत पनि आयोग देशका सबै प्रदेशमा पुगी मधेशी समुदायको हक, अधिकारको संरक्षण र सम्वर्द्धनका लागि क्रियाशिल रहेको र प्रदेश सरकार लगायत स्थानीय तहहरुले समेत मधेशी समुदाय लक्षित विशेष कार्यक्रम ल्याउनुपर्ने कुरा सबै समक्ष अनुरोध गर्नुभएको थियो ।

## २.२.४ मधेशी समुदायको थर सूचीकरण

मधेशी आयोग ऐन, २०७४ को दफा ७(ड) मा आयोगलाई मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने कार्य तोकिएकोमा सो व्यवस्थाको कार्यान्वयनका लागि आयोगले विभिन्न सरोकारवाला निकायसँग अन्तरक्रिया तथा छलफल र पत्राचारको कार्यक्रम गरेको छ । यसका लागि अन्तरक्रिया तथा छलफलको कार्यक्रमबाट प्राप्त सुझावका आधारमा २०७६ चैत्र १५ गते देखि स्थलगत तथ्यांक संकलनका लागि टोली बनाई खटाउने कार्यक्रम तय गरिएको भएतापनि

विश्वव्यापी कोरोना महामारीले सृजित परिस्थितिले गर्दा उक्त कार्यक्रम सम्पन्न हुन सकेन । थर सूचीकरणका सम्बन्धमा गरिएका क्रियाकलापलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

| सि.नं. | गरिएका क्रियाकलापको विवरण | उपलब्धी |
|---|---|---|
| १ | गृह मन्त्रालयमा मधेशी समुदायको थर सूचीकरण सम्बन्धी विगतमा भएका काम कारवाहीको विवरण माग गरिएको | हालसम्म जवाफ प्राप्त नभएको हुँदा ताकेता गरिएको । |
| २ | मिति २०७६।०९।०२ गते विभिन्न निकायहरुमा मधेशी समुदाय अन्तर्गत पर्ने थरहरुको सूची माग गरेको | निकायहरुबाट पत्र प्राप्त भइरहेको र आउने क्रम जारी रहेको । |
| ३ | मिति २०७६।०९।०७ गते मधेशी समुदायका थर संकलन गरी पठाईदिनहुन ७७ वटै जिल्ला समन्वय समितिमा पत्राचार | जि.स.स.ले सबै पालिकालाई सो सम्बन्धी पत्राचार गरेको बोधार्थ जानकारी प्राप्त भइरहेको । |
| ४ | मिति **२०७६।१०।०२** मा केन्द्रीय तथ्यांक विभागका पदाधिकारीहरुसँग अन्तरक्रिया र छलफल | आउदो जनगणनामा मधेशी समुदायका थरसमेत प्रष्टिने गरी जनगणना फाराममा आवश्यक सुधार गर्ने । |
| ५ | मिति २०७६।१०।०७ गते त्रिभुवन विश्वविद्यालय समाजशास्त्र र मानवशास्त्र केन्द्रीय विभागका पदाधिकारीहरुसँग किर्तिपुरमा अन्तरक्रिया र छलफल | मधेशी समुदायको पहिचान र थर सूचीकरणका विभिन्न मोडालिटीबारे छलफल । |
| ६ | मिति २०७६।११।१४ गते मधेशी समुदायका प्राज्ञ तथा वुद्धिजीवीहरुसँग थर सूचीकरणका सम्बन्धमा अन्तरक्रिया र छलफल | मधेशी समुदायको पहिचान र थर सूचीकरणमा स्थलगत तथ्यांक संकलन नै बढी प्रभावकारी हुने राय व्यक्त । |
| ७ | मिति २०७६।११।२७ गते मधेशी समुदायका थर संकलन गरी पठाईदिनहुन भनी ७५३ वटै स्थानीय तहमा पत्राचार | पत्राचार लगत्तै लकडाउन भएकोले कतिपय स्थानीय तहले मात्र संकलन गरी पठाएको । |

| | | |
|---|---|---|
| ८ | मिति २०७७।०२।२८ गते विभिन्न आयोगहरुमा मधेशी समुदाय अन्तर्गत पर्ने थरहरुको सूची माग गर्न पून:पत्राचार | समुदायहरुबाट सूची प्राप्त हुने क्रम जारी रहेको । |
| ९ | विगतमा भएका थरसूचिकरण सम्बन्धी कार्यक्रमहरुको पुनरावलोकन गरिएको | |

**टिप्पणी:-** ***कोरोना महामारीको कारणले २०७६/१२/११ देखि लक डाउन शुरु भएको र अर्थमन्त्रालबाट विनियोजित बजेट रकम रोक्का गरिएको हुँदा कार्यक्रम सम्पन्न हुन सकेन ।***

### २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग विमर्शात्मक बैठक

आयोगले विभिन्न सरोकारवालाहरुलाई आयोगमा आमन्त्रण गरि वा सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणमा जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकारमा सिफारिस गर्ने गरेको छ । यसको विस्तृत विवरण अनुसूची ६ मा दिइएको छ ।

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची-७ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आयोगका काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगमा बैठक बसी विविध विषयमा प्रेस विज्ञप्ति जारी गरिएको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची-८ मा उल्लेख गरिएको छ ।

### २.३.३ विज्ञ सूचीकरण

मधेशी आयोग ऐन, २०७४ को दफा ९ र १० मा आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने अधिकार भएबाट आयोगले मधेशी समुदायको भाषा, कला, ईतिहास, संस्कृति, आर्थिक, प्रशासनिक लगायतका क्षेत्रमा विशेष योगदान गरेका विज्ञ व्यक्तिहरुको सूची (Roster) बनाउने उद्देश्यले कानुन बमोजिम सूचना प्रकाशन गरी आह्वान गरे अनुरुप सम्बन्धित विज्ञहरुले आयोगमा विज्ञ सूचीमा सूचीकरण हुन पाउँ भनी दरखास्त दिनुभएको छ । त्यसरी दरखास्त पेश गर्ने महानुभावहरुको नामावली अनुसूची–९ मा दिइएको छ । आयोगले आफ्नो कामकारवाहीको कुनै क्षेत्रमा विज्ञताको आवश्यकता महसुस गरेमा उक्त सूचीमा समावेश भएका व्यक्तिहरुबाट सेवा लिने गरेको छ । विज्ञको सूचीलाई आगामी दिनमा समेत अद्यावधिक गर्दै जाने र सक्षम व्यक्तिको उत्तम सेवा लिने सोच आयोगले बनाएको छ ।

# परिच्छेद —३

# सिफारिस तथा सुझाव

## ३.१ अनुगमन पश्चात गरिएका सिफारिस तथा सुझाव

### ३.१.१ प्राकृतिक प्रकोप ब्यवस्थापन सम्बन्धी

आयोगका अध्यक्ष सहितको टोलीले तराई मधेशको मोरङ, उदयपुर र सुनसरी जिल्लामा गरिएको स्थलगत अनुगमनमा जाँदा देखिएका समस्याहरुको समाधानका लागि अपनाउनुपर्ने उपायहरुका बारेमा आयोगको मिति २०७६।०९।१५ को निर्णय अनुसार देहायका सुझाव अपनाउन नेपाल सरकार समक्ष सिफारिस गरिएको थियो ।

१. धानको उत्पादनमा ह्रास हुन नदिन परीक्षण भएको धानको विउ उपलब्ध गराउने ।
२. अमेरिकन फौजी किरा लगायतका विभिन्न खाले कीराहरुको प्रकोप नियन्त्रण गर्न कृषकहरुलाई समयमै किटनाशक लगायतका अन्य औषधी उपलब्ध गराउने साथै प्रयोगको विधि सम्बन्धमा समेत जानकारी दिने ।
३. किसानबाट उत्पादित धानको खरिद गर्ने कार्य समयमै गर्नको लागि उपयुक्त व्यवस्था मिलाउने ।
४. भारतमा नागरिकता संसोधन विधेयकको कारणले सृजित समस्याबाट गैर नेपाली नागरिकहरु नेपालको सीमा भित्र प्रवेश गर्दै गएको र अझै बढी प्रवेश गर्ने अवस्था देखिएकोले सो को नियन्त्रणको लागी सिमा सुरक्षालाई मजबुद बनाउने, अनावश्यक आवतजावतमा नियन्त्रण गर्ने र निगरानी बढाउने ।
५. तराई मधेशका विभिन्न जिल्लाहरुमा बम आतंकको त्रास फैलिएकोले शान्ती सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउने ।
६. शित-लहरले जन-जीवनमा व्यापक समस्या पारेकोले न्यानो कपडा वितरण लगाएतका अन्य कार्यक्रम सञ्चालन गर्न तिनै तहका सरकारहरुबिच समन्वय कायम गर्ने ।
७. विकास र सुशासनलाई प्रभावकारी बनाउनका लागि आर्थिक भ्रष्टाचारलाई निर्मुलिकरण लगायतका अन्य सुशासन कायम गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
८. सरकारी विद्यालयमा शिक्षाको गुणस्तर खस्कन नदिन सक्षम शिक्षकको व्यवस्था गरि नियमित अनुगमन र प्रगतिको मूल्यांकन गर्ने प्रबन्ध मिलाउने ।

९. स्थानीय तहमा दरबन्दी अनुसारको स्वास्थ्यकर्मीको व्यवस्था गरी जनताहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने
१०. स्थानीय तहमा कर्मचारीहरुको उचित तहगत व्यवस्थापन गरि उपयुक्त कार्य वातावरणको सिर्जना गर्ने।
११. उखु खेतीलाई राष्ट्रिय बाली घोषित गर्नुपर्ने ।
१२. सर्वसाधारणबाट जुन उद्देश्यको लागि जग्गा अधिग्रहण गरिएको हो सोही प्रयोजनका लागि मात्र जग्गाको उपयोग गर्नुपर्ने ।

## ३.१.२ उच्चस्तरीय अनुगमन समितिको प्रतिवेदन :-

कोरोना महामारी तथा लकडाउनले मधेशी समुदायको जन जीवनमा पारेको असर तथा समसामयिक घटनाको अनुगमन गर्न गठित उच्चस्तरीय अनुगमन समितिले प्रदेशस्तरीय अनुगमन समितिबाट प्राप्त घटना र सूचनाको विश्लेषण गर्दै आयोगमै बैठक बसी विज्ञप्ति मार्फत सरकारलाई सुझाव दिनको लागि समय समयमा प्रकाशन गरिएको र तिनै समग्र विज्ञप्ति अनुसार एकीकृत प्रतिवेदन पेश गरेको थियो । आयोगले निर्णय गर्दै उक्त प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरेको थियो । उक्त प्रतिवेदनका सिफारिस एवम् सुझावहरु देहायअनुसार रहेका छन ।

१. Covid -19 को प्रकोपलाई फैलिन नदिन नेपाल सरकारले प्रभावकारी रुपमा सचेतनाका कार्यक्रमलाई देशभर पुर्याउनु पर्दछ ।
२. यो भाइरसको लक्षण र यसबाट बच्न र बचाउन अवलम्बन गर्नुपर्ने कुराहरुलाई प्रत्येक घरघरमा जानकारी गराउनु पर्दछ ।
३. बिरामीको सहज र शीघ्र उपचारका लागि व्यवस्थित क्वारेन्टाइन र आइसोलेसनको व्यवस्था गरि बिरामीको सहज र नि:शुल्क उपचार गरिनु पर्दछ ।
४. अपाङ्ग, असक्त, मजदुर, विपन्न नागरिकको लागि प्राथमिकता दिन उनीहरुको जीवन रक्षाको लागि सरकारले राहतको प्याकेज ल्याउनु पर्दछ ।
५. कालोबजारी र तस्करी नियन्त्रण गर्न व्यापक रुपमा अनुगमनको माध्यम अपनाई गलत गर्नेलाई कारवाहीको दायरामा ल्याइनु पर्दछ ।
६. Covid -19 को महामारीमा मात्र ध्यान दिदा अन्य रोगहरु ओझेलमा परेको हुँदा क्षयरोग, मलेरिया, हैजा, डेंगु जस्ता सरुवा रोग र क्यान्सर, पार्किन्सन्स, मृगौला तथा कलेजो सम्बन्धि नसर्ने रोगको नियन्त्रणका लागि पनि ध्यान दिन जरुरी छ, स्वास्थ्य जस्तो सम्वेदनशिल

विषयमा सरकारका सम्वद्ध सवै पक्ष यस तर्फ सतर्क र सहज रहि यथाशक्य निशुल्क उपचार सेवा दिईनु पर्दछ । मानसिक स्वास्थ्यलाई समेत ध्यान दिनु पर्दछ ।

७. मानव जीवनको रक्षाको लागि राजनीतिक विचारधाराबाट माथि रहि सम्पुर्ण नीजि क्षेत्र, नागरिक समाज, गैरसरकारी संघ संस्थाहरु, सहकारीमा आवद्ध व्यक्तिहरु विचको समन्वय र सहकार्य गर्ने वातावरणको विकास गर्न सरकारले समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्दछ ।

८. कोरोना प्रभावित व्यक्तिलाई सुरक्षित उपचार गरि राहत पुर्याउन कम्तिमा जिल्ला अस्पतालसम्म भेन्टिलेटर र आइसोलेसनको व्यवस्था हुनुपर्दछ ।

९. लकडाउनका समयमा महिला तथा घरेलु हिंसा बढेको भन्ने सम्बन्धमा सरकारले अनुगमनको दायरा फराकिलो पारी हिंसा घटाउन पिडकलाई कडा कारवाहीको दायरामा ल्याउनुपर्दछ भने पिडितलाई राहत र क्षतिपुर्तिको व्यवस्था गरिनुपर्दछ ।

१०. नेपाली किसान दाजुभाईलाई प्रोत्साहन गर्न उनीहरुलाई मल/बिउको सुलभ प्रबन्ध गरी उत्पादन गरिएका अनाज, फलफुलको उचित बजार व्यवस्थापनका लागि सरकारले व्यवस्था गरिदिनु पर्दछ । विदेशबाट आयात हुने तरकारी र अन्य उपभोगका सामानहरु भन्दा नेपालमा उत्पादित सामान बिक्रि वितरणका लागि प्राथमिकता दिनुपर्छ ।

११. सरकारले उपलब्ध गराउने निःशुल्क औषधी सबै स्वास्थ्य संस्थाहरुबाट सहज रुपले पाउने व्यवस्था मिलाउनु पर्दछ ।

१२. मौकाको फाइदा उठाई वनजंगल फडानी गरी चोरी निकासी बढेको, नदिजन्य पदार्थ अवैध उत्खनन गरि तस्करी गरेको जस्ता समस्या उपर सम्बद्ध निकाय मुकदर्शक रहेको भन्ने सम्बन्धमा सरकारले ध्यान दिई तत्काल रोक लगाउने र अभियुक्तलाई कारवाहीको दायरामा ल्याउनु पर्दछ ।

१३. विद्यार्थीको पठनपाठन बिग्रेको हुँदा सरकारले शीघ्र विद्यालय खोल्ने उचित व्यवस्था मिलाई पठनपाठनको वातावरण सहज बनाउनु पर्दछ । साथै, वार्षिक परीक्षा प्रणालीलाई समयमै सञ्चालन गरिनु पर्दछ ।

१४. Covid-19 को महामारी न्यूनिकरण गर्न र तत्काल राहत दिन स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र संचारकर्मीको ठुलो योगदान रहन्छ, कोरोना संक्रमण फैलिरहेको परिप्रेक्षमा उनीहरुबाट सुरक्षित सेवा पुर्याउन सरकारले उचित प्रबन्ध गरिदिनु पर्दछ र उनीहरुलाई प्रोत्साहन गरि पुरस्कृत समेत गरिनु पर्दछ ।

१५. विपन्न र अति विपन्न वर्ग अझैपनि खान लाउन र बस्न नपाएर तड्पी रहेको छन्, उनीहरुको जीवन रक्षामा सरकारले खाना, नाना र छानाको व्यवस्था गर्नु पर्दछ ।

१६. लकडाउन खुकुलो हुँदै गरेको अवस्थामा कोरोनाको संक्रमण तिव्र गतिमा फैलिन सक्ने तर्फ सजकता अपनाई सुरक्षित माध्यम अपनाउन व्यापक जनचेतना दिईनु पर्दछ, सुरक्षाकर्मीलाई आवश्यक पर्ने थप अधिकार दिई सक्रिय पार्नुपर्दछ । कोरोना महामारी समुदायमा फैलन नपाउने व्यवस्थामा जोड दिनु पर्दछ ।

१७. बाढी, पहिरोबाट मृत्यू हुने नेपाली दाजुभाई दिदीबहिनीका आफन्तलाई उचित राहत दिनु पर्दछ र दीर्घकालिन समाधानतर्फ ध्यान दिनुपर्दछ ।

१८. घाईतेहरुको शीघ्र निःशुल्क उपचार गरि सुरक्षित पुनःस्थापनाको व्यवस्था गरिनु पर्दछ ।

१९. बाढी, पहिरोबाट घरवार विहिन हुन पुगेका नेपाली दाजुभाई दिदीबहिनीको सुरक्षित बसोवासको व्यवस्था गरी राहतको व्यवस्था गरिनु पर्दछ, घर बनाउन सुलभ ऋणको व्यवस्था वा रकम उपलब्ध गराईनुपर्दछ ।

२०. डुबानमा र पहिरोमा परेको खेती योग्य जमिनको अवस्था हेरी उचित क्षतिपुर्तिको व्यवस्था गरि किसानलाई राहत प्रदान गर्नु पर्दछ ।

२१. बाढी, पहिरोबाट नोक्सान हुन पुगेका पशुपंक्षीको स्थलगत अनुगमन गरी सरकारले उचित क्षतिपुर्तिको व्यवस्था गर्नु पर्दछ । बीमा गरेको भए छिट्टो बीमा रकम पाउन समन्वय गरिदिनु पर्दछ भने बीमा नगरेको भए अनिवार्य बीमाको व्यवस्था गर्नु पर्दछ ।

२२. जल तथा मौसमको पूर्व अनुमान गर्ने जल तथा मौसम विज्ञान विभाग र सम्बद्ध निकायहरुलाई सक्रिय गराई प्रकोप पुर्व सूचना दिने प्रणालीलाई अत्याधुनिक, सक्षम र सबल बनाई जनधनको क्षति रोकिनु पर्दछ ।

२३. प्रकोपका रुपमा आउने विभिन्न महामारीजन्य रोगहरु सर्पको डसाई, कुकुरको टोकाईजस्ता प्रकोपका सम्बन्धमा संलग्न सबै पक्ष सतर्क र सजग रहि शीघ्र उपचारको व्यवस्थापन गरिनु पर्दछ ।

२४. महामारी र दैवि प्रकोपबाट आक्रान्त हुँदा मानिसहरु डिप्रेसनमा गई आत्महत्यासम्म गर्ने अवस्था बढी रहेको हुँदा यस विकृतिको विरुद्ध सरकार सचेत रहि Special Task Force को निर्माण गरी सो सम्बन्धमा जनचेतना जगाई अकाल मृत्यू हुनबाट बचाउन आवश्यक कार्यहरु गरिनुपर्दछ ।

२५. गर्भवती तथा सुत्केरी महिला, बालबालिकाको जीवन रक्षाका लागि नियमित स्वास्थ्य सुविधा उपलब्ध गराउन सरकार सजग रहनु पर्दछ ।

२६. पि.सि.आर. परिक्षणलाई पालिकास्तरसम्म विस्तार गरी शीघ्र रोग पत्ता लगाई संक्रमण फैलन दिनुहुदैन ।

२७. निजी स्वास्थ्य संस्थाको पनि सहयोग लिई Covid -19 उपचारमा सरिक गराउनु पर्दछ ।

२८. संघ, प्रदेश र स्थानीय तिनै सरकारको समन्वय हुन अति जरुरी हुने हुँदा प्रकोप र महामारीजन्य रोगको उपचारमा हुने खर्च दोहोरो पर्न नदिन र उपलब्ध बजेट दुरुपयोग हुन नदिन सरकारले उचित व्यवस्था गर्नु पर्दछ ।

२९. महामारी र प्रकोपबाट जनता आक्रान्त भएको बेला उनीहरुलाई सहानुभूती र मायाको आवश्यकता रहन्छ । यस बेला सुरक्षा निकायहरुबाट मानव मैत्री भएर असल व्यवहार प्रदर्शित गर्नु पर्दछ, कानूनको पालना गराउने गरी जनताको सेवामा समर्पित हुनु पर्दछ ।

३०. "नागरिकता विधेयक, २०७७" सकेसम्म सहमतिमा पारित हुनु पर्दछ ।

३१. रुपन्देही जिल्लाको कान्छी बजार (तिलोत्तमा-१०) को पशु फर्ममा भएको जघन्य हत्या काण्ड, जनकपुरमा भएको राजु सदाको उपचार नपाई मर्नुपरेको सहितका घटनाका सम्बन्धमा सरकारले छानविन गरि दोषीलाई दण्ड दिई पिडित परीवारलाई क्षतिपुर्ति दिईनु पर्दछ ।

३२. हिमाल, पहाड र तराईमा बस्ने सबै नेपाली दाजुभाई, दिदिबहिनीको आपसी सम्बन्ध र भाइचारा बढाउन उनीहरुको भाषा, संस्कृति, रीतिरिवाज, रहन सहनको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणका लागि तिनै तहका सरकार चनाखो भई कार्यक्रम ल्याउनु पर्दछ, जातीय तथा धार्मिक बिवाद कदापी नआउने तर्फ सजग रहनु पर्दछ ।

३३. "निजामती सेवा विधेयक, २०७७" का सम्बन्धमा सकेसम्म मधेशी समुदायलाई दिइनु पर्ने आरक्षण कोटा पुर्ववत रुपमा राखी पारित हुनु पर्दछ ।

३४. Covid -19 को संक्रमणबाट मृत्यु भएका जनमानसको शव व्यवस्थापन सम्मानपुर्वक गर्ने व्यवस्था हुनु पर्दछ । संक्रमित बिरामीलाई समाजले अपहेलित गर्ने गरेको हुदा जनचेतना मार्फत त्यस्ता बिरामी समाजमा सहज रुपमा रहन पाउने व्यवस्था गर्नु पर्दछ ।

३५. Covid-19, अन्य महामारी रोग, बाढी, पहिरो र अन्य प्रकोपको घट्नाबाट जोगिन रेडियो, एफ.एम, टेलिभिजन तथा सामाजिक संजाल मार्फत स्थानीय भाषामा व्यापक प्रचार प्रसार गरी सुरक्षित रहन सक्ने गरी जनतालाई सु-सूचित गराउनु पर्दछ ।

३६. लकडाउनबाट जनतामा परेको आर्थिक संकटलाई मध्यनजर राखी लिएको ऋणको ब्याज मिन्हाको व्यवस्था गरिनु पर्दछ ।

३७. प्राकृतिक चिकित्सा पद्दति, योग, खेलकुद र व्यायामका अन्य विधिहरु मार्फत जनतामा परेको मनोवैज्ञानिक असर हटाई आत्मबल बढाउने कार्यमा सरकार र सम्बद्ध पक्ष सक्रिय हुनु पर्दछ ।

३८. विकास, पुर्वाधार निर्माण र सामान खरिदमा सुरक्षा निकायलाई सकेसम्म परिचालित नगरी देश र जनताको सुरक्षामा उनीहरुलाई परिचालन गरिनुपर्दछ ।

३९. Covid-19 को संक्रमण बढेपछि आयोगमा करिब १०० उजुरी आएको र ति उजुरीलाई तत्काल सम्बोधन हुन पत्र वा विज्ञप्ती मार्फत सरकारलाई समय समयमा सुझाव प्रस्तुत गरिएको सन्दर्भमा उक्त सुझाव शीघ्र कार्यान्वयन हुनु पर्दछ ।

४०. लकडाउनको अवधिमा अड्डा अदालतबाट दिइएको कानूनी म्याद मिन्हा गरी जनतालाई सहज कानूनी उपचारको प्रत्याभूति दिइनु पर्दछ ।

४१. छिमेकी राष्ट्र भारतले सीमा क्षेत्रमा बनाएको बाँधका कारण तराई मधेशको ठुलो क्षेत्र वर्षेनि डुबानमा पर्ने भएकोले सो समस्याको स्थायी समाधानका लागि भारतसँग उच्चस्तरीय कुटनीतिक छलफल गरी समस्या निरुपण गर्नु पर्दछ ।

४२. लकडाउनले अर्थतन्त्रमा ठुलो संकट सिर्जना गरेको र यस अवस्थामा युवा जनशक्ति समेत कामविहिन हुनु परेको हुँदा युवालाई सम्बोधन हुने गरी रोजगारी सिर्जना तथा आर्थिक सशक्तिकरणका प्याकेज ल्याउनुपर्दछ ।

४३. भारत, मलेशिया र खाडी राष्ट्रहरुमा रोजगारी गुमाएर अलपत्र अवस्थामा परेका निम्न वर्गीय श्रमिकहरुलाई निःशुल्क पि.सि.आर. परीक्षण गराई सहजरुपमा नेपाल ल्याउने व्यवस्था गर्नु पर्दछ ।

४४. मूलुकमा आइपर्ने विपदहरुलाई न्यूनीकरण र व्यवस्थापन गर्नका लागि बनाईएको विपद जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी कानूनलाई प्रभावकारी रुपमा पालिकास्तरसम्म कार्यान्वयनमा लैजानुपर्दछ ।

४५. पछिल्ला दिनमा कोरोना भाइरसको संक्रमण कमजस्तो देखिएपनि छिमेकी भारत लगाएत विश्वभरी नै कोरोना संक्रमण बढ्दै गएकोले नेपालमा पनि अझ भयावह स्थिति आउन सक्ने तर्फ बेलैमा सचेत भई सरकारले आवश्यक रणनीति तयार गरी Task force मार्फत कार्यान्वयन गरी संक्रमण फैलिनबाट रोकिनु पर्दछ ।

४६. प्राकृतिक रुपमा आउने विपदहरुले पुर्याउने क्षति न्युनिकरण गर्न जोखिम क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा रहेका वस्तीलाई सुरक्षित स्थानमा सार्नको लागि योजनाबद्ध र वैज्ञानिक ढंगले अगाडी बढ्नुपर्दछ ।

४७. पछिल्ला दिनमा घरेलु हिंसा, यौनहिंसा लगायतका घटना बढिरहेको हुँदा सरकारले त्यसतर्फ ध्यान दिई दोषिलाई कडा कारवाहीको दायरामा ल्याउनुपर्दछ ।

४८. संवैधानिक आयोगहरुमा रिक्त रहेका सबै पदाधिकारीको पदपुर्ति गरी आयोगहरुलाई सबल र सुदृढ गर्न सरकारले ध्यान दिनु पर्दछ ।

४९. सीमा र सीमा नाकाहरुलाई क्रमश: व्यवस्थित गर्दै जानु पर्दछ ।

५०. विपद व्यवस्थापनका लागि स्थानीय तह र प्रदेश सरकारहरुलाई बढी जिम्मेवार बनाइनु पर्दछ ।

## ३.२ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

### १. शिक्षा

शिक्षा मधेशी समुदाय उथ्थानका लागि गुणस्तरिय शिक्षा जरुरी देखिन्छ । साथै प्राविधिक शिक्षालाई विशेष जोड दिदै यूवालाई स्वरोजगारयुक्त बनाउन विशेष कार्यक्रम ल्याउने तर्फ सरकारको ध्यानाकर्षण गराउन।

### २. कृषि

कृषि नेपालको अन्नको भण्डार तराई मधेश क्षेत्रलाई समून्नत र उत्पादनशिल बनाउन उन्नत कृषि कार्यक्रम संचालन गरी मधेशी समुदायलाई परिचालन गर्नु जरुरी भएकोले त्यस तर्फ विशेष जोड दिनुपर्ने देखिन्छ ।

### ३. स्वास्थ्य

विभिन्न महामारी रोगको प्रकोपले वर्षेनी मधेशी समुदायका अतिविपन्न र विपन्न व्यक्तिहरुको अकालमा मृत्यु हुने गर्दछ  यसैले गुणस्तरिय स्वास्थ्य सेवा मार्फत उनीहरुको स्वास्थ्य सुरक्षा दिन जरुरी छ । यसका लागि मधेशमा रहेको जनघनत्वको आधारमा स्वास्थ्य संस्थाहरु स्थापना गरी श्रोत र साधनको उचित व्यवस्थापन गरी निशुल्क स्वास्थ्य सेवा दिन सरकारको ध्यानाकर्षण गराईन्छ ।

### ४. बजारीकरण

उत्पादित वस्तु तथा सेवा सहजरुपले बजारका लागि वेचविखन गर्न सक्ने वातावरणका लागि ठाउँ ठाउँमा बजार व्यवस्था गरी उनीहरुको आर्थिक अवस्था सुढृद पारीनु पर्दछ, भारत लगायत विदेशबाट आयात हुने वस्तुलाई निरुत्साहित गरि नेपाली वस्तु लाई किनवेचमा सहजता बनाउन सरकारले उचित वजारीकरणको व्यवस्था गरि मधेशी समुदायलाई प्रोत्साहन गर्नु पर्दछ ।

### ५. भाषा तथा संस्कृति

मधेशमा बोलिने भाषा जस्तै मैथिली, भोजपुरी, अवधि र थारु जस्ता भाषा तथा लिपीको संरक्षण गर्न र राष्ट्रिय स्तरका मान्यता दिन नेपालको संविधान, (२०७२) मा भएको व्यवस्था लाई पूर्ण पालना गरी कार्यान्वयनमा ल्याउनु पर्दछ साथै मधेशको विविध संस्कृतिको संरक्षण र सम्बर्द्धनमा सरकारको विभिन्न कार्यक्रम मार्फत भाषाविज्ञ र संस्कृतिविज्ञ लाई परिचालन गरी अगाडी बढ्नु पर्दछ ।

### ६. रोजगार व्यवस्थापन

मधेशी समुदायलाई राज्यको मूलधारमा समाहित गर्न एकातिर शिक्षाको माध्यमबाट उनीहरुलाई उज्यालो घाम दिन जरुरी छ भने अर्कोतिर राज्यको मूलधारमा समाहित गर्न समानुपातिक समावेशी सिद्धान्त मार्फत राज्यका विभिन्त क्षेत्र र निकायमा प्रवेश गराउन पनि जरुरी छ । यसका लागि मातृभाषामा लोकसेवाको परिक्षा दिन पाउने गरी पाठयक्रमको व्यवस्था गरी प्रवेशलाई सहज वनाउनु पर्दछ । आरक्षण सिट लाई जनसंख्याको आधारमा वढाउनु पर्दछ, प्राविधिक शिक्षाबाट उतिर्ण विद्यार्थीलाई प्राविधिक सेवामा प्रवेश गराउन प्राथमिकता दिइनु पर्दछ ।

### ७. यातायातको सुलभ व्यवस्थापन

तराई मधेशमा रहेको वाटोघाटोको दुरावस्थालाई मध्यनजर राख्दै ती बाटोहरु सुदृढीकरण गर्न जरुरी छ । हुलाकी राजमार्ग र अन्य मार्गहरु कालोपत्रे गर्ने कार्य तत्काल हुनुपर्दछ, यसर्थ मधेशमा रहेको बाटोघाटोको लागि सरकारले प्राथमिकता प्राप्त कार्यक्रम राख्न जरुरी छ ।

### ८. नियुक्ति

राज्यका हरेक तह र तप्कामा हुने नियुक्तिमा जनसंख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व हुने गरी सरकारले समान अवसर दिनु पर्दछ ।

### ९. खानेपानी

मधेशमा स्वच्छ, सफा र स्वस्थकर खानेपानीको प्रवन्ध मिलाउन सरकारले प्राथमिकता दिनु पर्दछ ।

## १०. गरिवी निवारण

मधेशी समुदाय अन्य समुदायको तुलनामा गरिवीको चपेटामा रहेका छन् ।उनीहरुलाई गरिवीको खाडल बाट माथि ल्याउन रोजगारीको अवसर दिने उत्पादित वस्तुलाई सुलभ वजारीकरणको व्यवस्था गराई वेचविखनको अवसर दिने प्राविधिक शिक्षामा जोड दिई स्वरोजगारयुक्त जनशक्ति उत्पादन गराउने फलफुल, माछा र पशुजन्य उत्पादनलाई प्रोत्साहन दिने वैदेशिक रोजगारलाई प्राथमिकता दिई अवसर प्रदान गर्ने गर्नु पर्दछ ।

## ११. महिला संरक्षण

मधेशमा पुरुषको तुलनामा महिलाको अवस्था झनै दयनिय भएको हुदाँ उनीहरुको उथ्थानका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनु पर्दछ । बोक्सी, दाईजो प्रथा, अन्धविश्वास जस्ता रुडीवाडी संस्कारको अन्त्य हुनु पर्दछ । **'बेटी पढाउ बेटी बचाउ, कुरिती,अन्धविश्वास, सामाजिक दुर्व्यवहार बाट बचाउ** " भन्ने नारालाई सार्थक बनाउन सवै ठाउँठाउँमा छोरीको उथ्थानका लागि सवै किसिमका सचेतनामुलक कार्यक्रम ल्याउनु पर्दछ । महिलाको समग्र विकासमा सरकारले विभिन्न कार्यक्रम संचालन गर्नु पर्दछ । बलात्कार जस्तो जघन्य अपराधलाई अन्त्य गर्न सरकार चनाखो हुनु पर्दछ ।

## १२. दैवि प्रकोप व्यवस्थापन

हरेक वर्ष तराई मधेशमा बाढीले हजारौ घर डुवानमा पर्दछ, लाखौ मधेशी समुदाय प्रकोपमा परेको पाईन्छ । नत्र प्रकोप हुनुपर्व पूर्व तयारी छ नत्र प्रकोप व्यवस्थापन चुस्त दुरुस्त छ, यस्तो कार्यमा सरकार चनाखो भई प्रकोप लाई न्यूनिकरण गर्न पूर्व तयारी हुनुपर्दछ । प्रकोपमा परेका जनताको खाना, नाना र छानाको व्यवस्थापन गरिनु पर्दछ र मधेशी समुदायको संरक्षणमा जोड दिईनु पर्दछ ।त्यसतै हावाहुरी सर्पदंश र वन्यजन्तुको आक्रमणबाट पनि ठुलो क्षति पुगेको अवस्था छ यसतर्फ पनि सरकारले समयमै उचित व्यवस्थापन गरी त्यस्ता ठाउँमा तत्काल प्रकोप व्यवस्थापन गर्नुपर्दछ ।

## १३. कुरिती र कुसंस्कारको अन्त्य

वालविवाह, दाईजो प्रथा, बहुविवाह, बोक्सी, धामी, झाक्री जस्ता कुरितीको अन्त्य गर्न सरकारले व्यवहारिक र प्रभावकारी कदम चाल्नु पर्दछ ।

## १४. सिमा सुरक्षा/तटवन्ध

छिमेकी मुलुकले सिमामा लगाएको बाधले गर्दा नेपालतर्फको हजारौ हेक्टर जमिन डुवानमा परि सीमामा रहेको समुदायालाई वर्षेनी पिडा दिईरहेको अवस्था छ । सीमामा लुटपाट एवम तस्करी हुने गरेको छ । यस अवस्थामा गैर कानूनी तरिकाले बनाइएका बाँध भत्काउन छिमेकी मूलुकसंग कुटनीतिक वार्ता गरिनु पर्दछ भने सीमा सुरक्षा लाई कडाई गरिनु पर्दछ ।साथै कोशीको पानी ससरीको सिंचाईमा व्यवहारत: प्रयोग गर्नुका साथै कोशी सम्झौतालाई अक्षरश: कार्यान्वयन र पालना गर्नु पर्दछ ।

## १५. जग्गा जमिनको व्यवस्थापन

मधेशी समुदायको मुख्य श्रोतको रुपमा रहेको जग्गा जमिनको उपयोगमा हेलचक्रयाई रहेकोले जग्गा व्यवस्थापन गरी चक्लावन्दीको अन्त्य गरी अव्यवस्थित वसोवासलाई निरुत्साहित गरिनु पर्दछ । जग्गा ल्पटिंङ्ग र अतिक्रमण रहेको खेतीयोग्य जग्गामा भरपुर उपयोग गरी कृषिमा आत्म निर्भर रहने गरी व्यवस्थापन गर्नु पर्दछ । हदभन्दा बढी जग्गाको व्यवस्थापन गरी अतिविपन्न र विपन्न समुदायमा वितरण गरिनु पर्दछ ।

## १६. कोभिड-१९ सम्बन्धी समस्या

अन्य ठाउँको तुलनामा सवैभन्दा वढी प्रभावित रहेको तराई मधेशमा कोभिड-१९ को प्रकोष लाई न्यूनिकरणमा ल्याउन सर्वप्रथम सचेतनाको कार्यक्रम संचालन गर्नु पर्दछ मापदण्ड बमोजिमको क्वारेन्टाइनको व्यवस्था परिक्षणलाई स्थानीय स्तर सम्म पुऱ्याई संक्रमण नफैलन व्यवस्था गर्ने आईसोलेसन र भेन्डीलेटरको समुचित व्यवस्था गरी रोग नियन्त्रण गर्ने प्रविधिको विकास गर्नु पर्दछ ।

## १७. पर्यटकिय धरोहरको संरक्षण र विकास

तराई मधेशमा रहेका मठ, मन्दिर एवम पर्यटकिय स्थलको उचित संरक्षणको खाचो छ ।जानकी मन्दिर, बुद्ध मन्दिर एवम अन्य पर्यटकिय क्षेत्रका अलावा राष्ट्रिय निकुन्ज र आरक्षको प्रभावकारी व्यवस्थापन गरी पर्यटन व्यवस्थापनलाई आय आर्जनको माध्यम वनाउनु पर्दछ यसवाट रोजगारीको अवसर पनि प्राप्त हुन्छ ।

## १८. पर्यावरणको संरक्षण

चुरे दोहन भै-रहेको छ, जंगल फडानी तिव्र छ, अव्यवस्थित वसोवासले पर्यावरणलाई असर पारिरहेको छ ।यस तर्फ सरकारको विशेष ध्यान जानु पर्दछ ।

## १९. सिफारिश गरिएका कार्यदलहरु

| सि. नं. | कार्यदलको नाम | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|
| १. | कृषिको व्यावसायीकरण, बजारीकरण र विविधिकरण सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| २. | मानव संशाधन व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ३. | मधेशी समुदायको थर सूचीकरण | १ करोड | |
| ४. | मधेशी समुदायमा प्रचलित जातीय पेशाको आधुनिकीकरण सम्बन्धी कार्यदल | १ करोड | |
| ५. | विपन्न तथा दलित महिलाहरुको आर्थिक समुन्नति सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ६. | विपद व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ७. | गुणस्तरीय शिक्षा सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ८. | गुणस्तरीय स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ९. | चुरे संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १०. | वृहत जातीय शब्दकोष निर्माण सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| ११. | हस्तकला तथा चित्रकला संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १२. | संस्कृति तथा भाषिक र लिपि सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १३. | मधेश प्रोफाइल निर्माण सम्बन्धी कार्यदल | १ करोड | |
| १४. | प्राकृतिक स्रोत संशाधन व्यवस्थापन कार्यदल | १ करोड | |
| १५. | पर्यावरण संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १६. | सीमावर्ती क्षेत्रमा बनाईएका बाँधहरु र जलउत्पन्न प्रकोप व्यवस्थापन सबन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १७. | तराई मधेशमा बोक्सी, झाक्री र छुवाछुत, दाईजो प्रथा सहितका अन्धविश्वास सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १८. | हुलाकी राजमार्ग तथा पूर्वाधारहरुको निर्माण र गुणस्तर सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| १९. | मधेशी समुदायसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धी सम्झौता पालना सम्बन्धी अध्ययन अनुसन्धान | १ करोड | |
| २०. | विभिन्न जातीय, भौगोलिक संग्रहालयको अध्ययन, अनुसन्धान | १ करोड | |
| | जम्मा | २० करोड | |

२०. संवैधानिक आयोगहरुको छुट्टै सेवा समूह गठन गरि कर्मचारी व्यवस्थापन गर्नु पर्दछ ।

२१. संविधानको भाग-२७ अनुसार गठित संवैधानिक आयोगहरुलाई संविधान संशोधन र ऐन संशोधन गरि समान अधिकारवाला आयोगको रुपमा मान्यता प्राप्त हुनुपर्दछ । यस प्रकारका कार्यवाट प्रतिफल पूर्ण फलदायी हुनेछ ।

२२. बन्द भएका उद्योगहरु र औद्योगिक क्षेत्रलाई पुन:संचालन गरिनु पर्ने र प्रभावकारी रुपमा परम्परागत पेशालाई आधुनिकिकरण गरि लक्षित वर्गलाई बजारीकरणको माध्यमबाट आय आर्जन हुने गरि उत्पादन बढाउनु पर्ने देखिन्छ । जसबाट बेरोजगारी र गरीवीको अवस्था न्यूनिकरण हुदै जानेछ ।

२३. निजी वैंक तथा वित्तिय संस्थाबाट समुदायिक स्तरमा प्रभावकारी रुपमा लागनी व्यवस्थित नभएकोले लगानीलाई प्रयोगात्मक तवरले लैजानु पर्दछ ।

# परिच्छेद –४

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिइ कामकाज गर्दै आइरहेको छ । भाडामा लिइएको घर सानो र साँघुरो भएकोले आयोगका सदस्यज्यूहरुको नियुक्ति भएमा कार्यकक्ष व्यवस्थापन गर्न समेत समस्या हुने अवस्था छ । सवारी साधन पार्किङको लागि स्थान अभावले सडक किनारामा नै सवारी साधन पार्किङ गर्नुपर्ने समस्या पनि आयोगले व्यहोर्दै आएको छ । कार्यालयको लागि नयाँ घरको खोजी गर्दा समेत उपयुक्त पार्किङसहितको घर नपाइएको र घरभाडामा प्रयाप्त बजेट समेत नभएकोले दैनिक कामकाजमा बाधा सिर्जना भएको छ । त्यसैले गर्दा आयोगको लागि उपयुक्त पार्किङ सहितको सरकारी भवनको व्यवस्था गर्नु अत्यावश्यक भएको छ ।

आयोगको वर्तमान संरचनाका लागि सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका सामानहरु आवश्यक मात्रामा रहेका छन् । आयोग हाल बसिरहेको भवनमा पहिला पिछडिएको वर्ग उत्थान विकास समितिको कार्यालय रहेकोले कतिपय मेसिनरी औजार र फर्निचर सोही कार्यालयको प्रयोग गरिएको थियो भने नेपाल सरकारले सो कार्यालय पुन:स्थापना गर्ने निर्णय गरेपछि सभाकक्ष लगायतमा फर्निचरको अभाव हुने देखिएको छ । सदस्यज्यूहरु थपिनु भएमा थप सवारीसाधनको जोहो गर्नुपर्नेछ । आयोगले आ.व.२०७६/७७ मा खरिद गरिएका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची-११ मा उल्लेख गरिएको छ ।

# परिच्छेद-५

# उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

## ५.१ उपलब्धीहरु

१. मधेशी आयोगको काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउनका लागि आयोगले आफ्नो लोगो निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

२. प्रतिवेदन अवधिमा मधेशी समुदायको हक अधिकारको उल्लंघन भएको सम्बन्धमा आयोगमा कुल १८३ वटा उजुरीहरु प्राप्त हुनु र ति उजुरीहरुको सम्बोधन हुनुले स्थापनाको छोटो समयमै आयोगले मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा उल्लेखनिय कार्य गरेको मान्न सकिन्छ । यसले मधेशी आयोगप्रति मधेशी समुदायको विश्वसनियता वृद्धि भएको छ ।

३. मधेशी आयोगमा गुनासो तथा उजुरी गर्नको निम्ति यस आयोगले यहि आर्थिक वर्षमा २४ घण्टे Help Line नम्बरको ब्यवस्था गरेको छ । जुनसुकै बेला पनि ११५२ नम्बरमा डायल गरि उजुरी तथा समस्या दर्ता गराउन सकिने ब्यवस्था गरिएको छ । यसबाट आयोगसँग मधेशी समुदायको सम्पर्कलाई थप सहज बनाउदै आपसी सम्बन्ध थप सुढृद हुने देखिन्छ ।

४. मधेशी समुदायको सशक्तीकरण गर्न र राज्यको विभिन्न तहमा पुग्न प्रोत्साहन गर्ने उद्देश्यले मधेशी समुदायको विद्यार्थीलाई रा.प.तृतीय श्रेणी शाखा अधिकृतको प्रथम पत्रको लोक सेवा तयारी कक्षा संचालन गरियो । मधेशी समुदायको विद्यार्थीलाई राज्यको प्रशासनिक निकायमा प्रवेश गर्न टेवा पुगेको भनी तयारी कक्षा लिएका विद्यार्थीहरुबाट पृष्ठपोषण प्राप्त भएको छ ।

५. आयोगको निर्णय बमोजिम सुदूरपश्चिम प्रदेशको धनगढी, कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहमा मधेशी समुदाय लक्षित कार्यक्रमको समीक्षात्मक अन्तरक्रिया कार्यक्रम गरियो । यस कार्यक्रमले त्यस क्षेत्रका स्थानीय तहमा आगामी दिनमा मधेशी समुदाय लक्षित कार्यक्रम गर्न प्रेरित गरेको र मधेशी समुदायको हक हित संरक्षण र प्रवर्द्धनमा थप बल पुगेको आयोगले महशुस गरेको छ । सहभागीहरुले त्यस्ता कार्यक्रमको निरन्तरताको अपेक्षा गरेका थिए ।

६. कोभिड-१९ को महामारीले आक्रान्त जनमानसलाई केहि न केही राहत पुर्याउने उद्देश्यले आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा एक उच्च स्तरीय अनुगमन समिति गठन

गरी सो समितिको नियमित बैठक बसी विभिन्न विज्ञप्तिहरु जारी गरी सरकारलाई सुझाव प्रस्तुत गरिएको छ समितिमा बार एशोसियशन, पत्रकार महासंघ, मेडिकल एशोसियशन, महिला अधिकारकर्मी, नागरिक समाज, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र आयोगका उच्च अधिकारीको सहभागिता रहेको थियो । बैठक प्रत्यक्ष सहभागिता र भर्चुअल मिटिङ्गसमेत भएको थियो । यो कदम अत्यन्त फलदायी र सूचनामूलक रहेको कारणले सरकारलाई मार्गदर्शक भएको आयोगको ठहर छ ।

७. मधेशी आयोगलाई सबल बनाउन र यसको नीतिगत र संस्थागत सुधार गर्न आवश्यक पर्ने सुझावका लागि नागरिक समाज, बुद्धिजीवी, कानुन व्यवसायी, राजनीतिक दलका नेताहरु, माननीय सांसदहरुसँग अन्तर्क्रिया गरी सरकारलाई सिफारिस गरिएको छ ।

८. मधेशी पहिचानको प्रमुख आधार थर सुचिकरण भएको हुँदा सो कार्यको प्रारम्भिक कार्य सुरु गरिएको छ । यसका लागि सबै स्थानीय तह र जिल्ला समन्वय समितिमा पत्राचार गरिएको छ । अन्य आयोगहरुसँग परामर्श गरिएको छ । विज्ञहरुसँग सुझाव लिइएको छ भने आगामी वर्ष सम्पन्न गर्ने गरी कार्ययोजना बनाइएको छ ।

९. सीमामा छिमेकी देश भारतले बनाएको समानान्तर बाँध र राजमार्गले मधेशी समुदायलाई परेको असरको न्यूनिकरणका लागि कुटनीतिक कदम चाल्न नेपाल सरकारलाई सुझाव प्रस्तुत गरिएको छ ।

१०. सीमा सुरक्षाका लागि मधेशी समुदायले गरेको योगदानको उच्च प्रसंशा गर्दै नेपाली भूमी मिचिएको क्षेत्र सुस्ता, दार्चुला, मेची लगायतका सीमा विवाद भएका ठाँउको तत्काल संरक्षण गर्न छिमेकी देश सँग कुटनीतिक वार्ता गरी नेपालको भूमी गुम्न नदिन सरकार चनाखो रहन सुझाव प्रस्तुत गरिएको छ ।

११. कृषिमा आधुनिकीकरण, बजारीकरण तथा आयमूलक बनाउन सिफारिस गरिएको छ ।

१२. कोशी सम्झौता, गण्डक सम्झौता लगायतबाट प्राप्त हुने सिंचाईको लागि आवश्यक पहल गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

१३. सामाजिक एवम् सांस्कृतिक कुरीति, अन्धविश्वास,दाईजो प्रथा र छुवाछुतलाई न्यूनिकरण गर्न अनुगमन पश्चात सरकारलाई सिफारिस गरिएको छ ।

## ५.२. चुनौतीहरु

आयोगले पूर्णता नपाउनु, स्रोत साधन सिमित हुनु र आयोग प्रति सरोकारवाला निकायको सकारात्मक दृष्टिकोण नरहनुले संवैधानिक र कानुनी जिम्मेवारी पुरा गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. आयोगको आफ्नो जग्गा र भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्ननसकिनु।
२. आयोगको काम बढीजसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले क्षमतावान कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।
३. मधेशी समुदायसँग सम्बन्धित खण्डिकृत तथ्यांक प्राप्त गर्नु ।
४. मधेशी समुदायको अपेक्षित जनविश्वास जित्नु ।
५. सिमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुत मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्नु ।
६. कोरोना महामारीको प्रभाव र प्राकृतिक प्रकोपको गहनता तराई मधेशमा बढी देखिदा तोकिएको कार्यक्रम समयमै सम्पन्न गर्न चुनौतिपूर्ण छ ।
७. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजो बदल्न र न्यूनिकरण गर्न पर्याप्त जनचेतनाको कमी हुनु ।
८. सरकारको आयोगप्रतिको धारणा सकारात्मक नहुँदा प्रभावकारी समन्वय गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।
९. आयोगको अधिकारक्षेत्र र जनतको व्यापक आकांक्षा बीच तालमेल मिलाउनु ।

## ५.३ आयोगको सुझावः-

१. संवैधानिक आयोगहरुमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने व्यवस्था भएता पनि ४ जना सदस्य रिक्त रहनुले कार्य संचालन प्रकृयामा कठिनाई भएकोले रिक्त पदमा तत्काल नियुक्ति हुनु पर्दछ ।
२. आयोगमा खटिएका कर्मचारीहरुको स्थायीत्व नहुनाले काम गर्न कठिनाई भएको छ । आयोगको सहमति विनानै छोटो समयमा सरुवा हुने गरेको देखिन्छ । यसैले आयोगको सहमति विना कर्मचारीको सरुवा हुनुहुदैन ।
३. राष्ट्रिय योजना आयोगले तोकेको सिलिङ्ग न्यून रहेकै अवस्थामा बजेट तर्जुमा गर्दा उक्त सिलिङ भन्दा अति कम हुने गरी अर्थ मन्त्रालयले बजेट बिनियोजन गरेको छ, यस

अवस्थामा आयोगका कार्यक्रम गर्न नसकिने हुँदा आयोगको लागि वार्षिक कम्तीमा १० करोडको बजेट विनियोजन हुनुपर्ने देखिन्छ।

४. मधेशी आयोगको अगाडी राष्ट्रिय थपि "राष्ट्रिय मधेशी आयोग" भनी नामाकरण हुनु पर्दछ ।

५. आयोगमा हाल रा.प. प्रथम श्रेणीको अधिकृतले सचिवको जिम्मेवारी सम्हाल्दै आउनु भएको छ । संवैधानिक आयोग भएकोले रा.प विशिष्ट श्रेणीको सचिवको व्यवस्था हुनु पर्दछ ।

६. आयोग हाल भाडामा बसेको भवनबाट आफ्नो क्रियाकलाप संचालन गर्दै आएको छ । आयोगलाई सरकारी भवन उपलब्ध गराई आयोगको कार्य सञ्चालनलाई सहज पारिनु पर्दछ ।

७. आयोगका माननीय अध्यक्ष र सदस्यहरुलाई आवासको लागि प्रदान गरिएको घरभाडा रकम न्यून भएको कारण सरकारी आवासको ब्यवस्था गरि प्रोत्साहन दिनु पर्दछ ।

८. माननीय अध्यक्षलाई एक जना स्वकिय सचिवको दरबन्दी स्विकृत गरि स्थायी व्यवस्था हुनु पर्दछ । साथै कानुनी सल्लाहकार र कम्प्युटर अपरेटर समेतको थप व्यवस्था गरि आवश्यक बजेटको ब्यवस्था गरिनुपर्दछ ।

९. आयोगले सिफारिस गरेको विभिन्न २० वटा कार्यदललाई अध्ययन, अनुसन्धान गर्न रु २० करोड प्रस्ताव गरिएकोमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय मौन रहेको हुँदा यसतर्फ ध्यानाकर्षण गराइएको छ । कार्यदलको लागि उक्त बजेट क्रमैसँग थप हुनु पर्दछ ।

१०. आयोगको सम्पर्क मन्त्रालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेकोमा आयोगको सम्पर्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हुनु पर्दछ ।

११. विनियोजित बजेट रोकिने अवस्थाको अन्त्य हुनुपर्दछ ।

१२. आयोगलाई अधिकार सम्पन्न गराउन आयोगको सिफारिसमा आयोगको ऐन २०७४ लाई संशोधन गरिनु पर्दछ र संविधानको भाग २७ मा रहेको "अन्य आयोगहरु" जस्ता शब्दावली हटाउनु पर्दछ ।

१३. आयोगले गरेको सिफारिस कार्यान्वयन गर्न सरकार र सम्बन्धित निकाय बाध्यकारी हुने गरी ऐन संशोधन गरिनु पर्दछ ।

१४. आयोगमा रहेको जनशक्ति अत्यन्त न्यून हुदाँ थप कर्मचारीको व्यवस्था हुनु पर्दछ । संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत सुदृढ सांगठनिक व्यवस्था हुनु पर्दछ । पर्याप्त तालिमको ब्यवस्था गरि बैदेशिक भ्रमणको अवसर समेत दिलाइनु पर्दछ ।

१५. आयोगको ऐन, २०७४ को दफा १२(२) मा आवश्यकता अनुसार प्रदेशमा कार्यालय खोल्न सक्ने प्रावधान रहेको हुँदा सो खोल्न सरकारले सकारात्मक सोच राखी सबै प्रदेशमा आयोगको कार्यालय स्थापना हुनु पर्दछ ।

१६. आयोगको ऐन २०७४ को दफा ८ अनुसार आयोगले राय परामर्श लिन सक्ने व्यवस्था भए अनुसार सम्माननीय उपराष्ट्रपति, सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, पूर्व राष्ट्रपति, पुर्व प्रधानमन्त्री, माननीय उप प्रधानमन्त्री, मन्त्री, संवैधानिक आयोगका माननीय प्रमुख तथा मन्त्रालयका अधिकारी समेतबाट राय सल्लाह लिई आफ्नो कार्य गर्दै आएको छ । यो निरन्तर रहने आयोगको प्रतिवद्धता रहेको हुँदा सरकारको पुर्ण सहयोग हुनु पर्दछ ।

१७. आयोगप्रति सरकार र संसदमा रहेका सबै पक्षको सकारात्मक सोच रहेमा मात्र आयोग रहनुको सार्थकता हुने हुँदा यस तर्फ ध्यानाकर्षण गराइएको छ ।

## ५.४ भावी कदमहरु

१. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि पञ्चवर्षिय रणनीतिक योजना बनाई आवश्यकता अनुसार विशेषज्ञहरुको सेवा लिई क्रमैसँग सबै कार्य सम्पन्न गरिनेछ ।

२. मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारमा सिफारिस गरिनेछ ।

३. मधेशी समुदायको सशक्तीकरणका लागि नियमानुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव स्रोत विज्ञहरुमार्फत सुशासन तथा सशक्तीकरण कार्यशाला सञ्चालन गरिनेछ ।

४. मधेशी समुदायसँग सम्बन्धित खण्डीकृत तथ्यांक प्राप्त गर्नका लागि तथ्यांक संकलन तथा व्यवस्थापनमा संलग्न हुने सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

५. मधेशी समुदायको हक अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस र Follow Up प्रणालीलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरिनेछ ।

६. मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गरिनेछ वा सुझाब दिईनेछ।

७. आयोगका कर्मचारीको सक्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. आयोगलाई सूचना तथा सञ्चार प्रविधिमा सबल र सुदृढ तुल्याईनेछ ।

९. आयोगमा कार्यरत सबै कर्मचारीहरुलाई मधेश र मधेशी समुदायमैत्री व्यवहारका लागि ज्ञान, सीप र धारणाको विकास गर्न तालिमको व्यवस्था गरिनेछ ।

१०. आयोगको आफ्नै भवन र संरचना बनाउनेतर्फ पहल गरिनेछ ।

११. संबैधानिक र कानूनी दायराभित्र रही आयोगले माटोको सुगन्धलाई सुगन्धित गर्ने कार्यमा अहोरात्र तल्लिन छ र रहि रहनेछ ।

१२. पहिचान भएका लक्षित वर्गमुखी कार्यक्रमलाई प्रभाकावकारी निरन्तरता दिइनेछ ।

१३. समन्वय र सहकार्यलाई निरन्तरता दिई अनुगमन, समीक्षा र मूल्यांकनलाई अग्रसारित गरिनेछ ।

# परिच्छेद-६

# कार्यक्रम र लागत

## ६.१ वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०७६/७७ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची ५ मा समावेश गरिएको छ ।

**अनुसूची १: (परिच्छेद १ संग सम्बन्धित)**

**मधेशी आयोगको संगठन संरचना**



# अनुसूची २
## आयोगमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | कार्यरत कर्मचारीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव | रा.प. प्रथम | प्रशासन | भुवनहरि अर्याल | |
| २. | उप-सचिव | रा.प द्वितीय | प्रशासन | भुबन बहादर कार्की | |
| ३. | उप- सचिव | रा.प. द्वितीय | प्रशासन | सविता डंगोल | |
| ४. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | रमेश कुमार दास | |
| ५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सुरेश प्रसाद जैशी | |
| ६. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | राष्ट्र कुमार के.सी | |
| ७. | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | कृष्ण प्रसाद तिमेल्सेना | |
| ८. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | मदन नारायण मल्लिक | |
| ९. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | निल कुमार फुयाँल | |
| १०. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सुन्दर प्रसाद निरौला | |
| ११. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | राम प्रसाद घिमिरे | |
| १२. | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | राजन पराजुली | |
| १३. | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | ललित कुमार साह | |
| १४. | हलुका सवारी चालक | श्रेणीविहीन | प्रशासन | इश्वर प्रसाद गुनी | करार |
| १५. | हलुका सवारी चालक | श्रेणीविहीन | प्रशासन | भुबल भण्डारी | करार |
| १६. | हलुका सवारी | श्रेणीविहीन | प्रशासन | तिलक बहादुर तामाङ्ग | करार |
| १७. | हलुका सवारी चालक | श्रेणीविहीन | प्रशासन | रुपेश कुमार ठाकुर | करार |
| १८. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सूर्य बहादुर खत्री | करार |
| १९. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | माया पोडे पुजारी | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | सिता थापा | करार |
| २१. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | गिरीजेश कोइरी | करार |
| २२. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | कमल नारायण लाभ कर्ण | करार |
| २३. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | शारदा अधिकारी | करार |
| २४. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | विजय महर्जन | करार |
| २५. | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | दिपेन्द्र कुमार यादव | करार |

# अनुसुची -३ आयोगमा परेका उजुरीहरु

| क.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| १ | २०७६/०४/०९ | लभ कुमार ठाकुर | प्रत्यक्ष | न्याय पाऊँ भन्ने बारे । |
| २ | २०७६/०४/२० | तराई मधेश राष्ट्रिय परिषद | प्रत्यक्ष | मधेशी समुदायको अस्मिता र स्वाभिमान माथि गरिएको प्रहार सम्बन्धमा । |
| ३ | २०७६/०५/१६ | काठमाण्डौं पोष्ट बाट | अप्रत्यक्ष | Does black face have a place in nepali comedy probably not. |
| ४ | २०७६/०५/२१ | मुस्कान खातुन | अप्रत्यक्ष | एसिड प्रहार, हाल वर्न हस्पिटलमा भर्ना । |
| ५ | २०७६/०५/२६ | ६ वर्षिय पिडीत बालकको तर्फबाट | अप्रत्यक्ष | जनकपुरमा घरेलु समस्या विधार्थीलाई भएको |
| ६ | २०७६/०५/२६ | सुसिल कर्ण | अप्रत्यक्ष | जानकी मन्दीरको पर्खाल भत्काइएको सम्बन्धमा , |
| ७ | २०७६/०५/२६ | महिदेव प्रसाद चौधरी | प्रत्यक्ष | कोशी कटान, डुवान पिडीत संर्घष समिती – सुनसरी, सप्तरी, उदयपुर । |
| ८ | २०७६/०५/३१ | ललित कला विज्ञहरु | प्रत्यक्ष | ललितकला प्रज्ञा प्रतिष्ठान सम्बन्धी उजुरी । |
| ९ | २०७६/०५/३१ | मुरली मनोहर मिश्र | अप्रत्यक्ष | जानकी मन्दीरको अतिक्रमित जग्गा फिर्ता गराई पाऊँ बारे । |
| १० | २०७६/०५/३१ | गनेश साह | अप्रत्यक्ष | आवश्यक कारबाहीको लागी । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ११ | २०७६/०६/०७ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | चुरे क्षेत्र दोहानले वस्ती जोखिममा । |
| १२ | २०७६/०६/०७ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | मेडिकल कलेजले गरे तिन वर्षमा तिन अर्व ठगि । |
| १३ | २०७६/०६/१६ | प्रेम विदेय | प्रत्यक्ष | मैथिली भाषालाई सरकारी काम काजको रुपमा कार्य गर्न मान्य हुनुपर्ने । |
| १४ | २०७६/०६/१६ | कृष्ण कुमार महतो | अप्रत्यक्ष | लोक कला संस्कृति एवं प्रवर्द्धनका निम्ती तिन दिवसिय महोत्सवमा आर्थीक सहयोग गरी पाऊँ । |
| १५ | २०७६/०६/२८ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | जनकपुर विमानस्थलमा तोडफोड गर्ने सांसद प्रमोद राउत पक्राउ । |
| १६ | २०७६/०६/२९ | नारायण झा | प्रत्यक्ष | समायोजन सच्याउने सम्बन्धमा । |
| १७ | २०७६/०६/३१ | सुनिल कुमार यादव | अप्रत्यक्ष | छानविन गरी न्याय पाऊँ । |
| १८ | २०७६/०७/०४ | लभ कुमार ठाकुर | प्रत्यक्ष | न्याय पाऊँ भन्ने बारे । |
| १९ | २०७६/०७/०६ | अखलेश साह सहितका युवाहरु | प्रत्यक्ष | विरगन्जको मुख्य सडक फराकिलो सम्बन्धमा । |
| २० | २०७६/०७/१५ | सुनरमति देवी राम | प्रत्यक्ष | गा.पा. को मेयरबाट दुर्वेव्यवहार। |
| २१ | २०७६/०७/१५ | सुशिल प्रसाद सेनुरिया | अप्रत्यक्ष | सार्वजनिक विदा बारे । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| २२ | २०७६/०७/१६ | जनार्दन लाल दास | प्रत्यक्ष | मैथिली भाषालाई प्रदेशको भाषा बनाउनु पर्ने। |
| २३ | २०७६/०७/१९ | प्राध्यापक | अप्रत्यक्ष | नेशनल मेडिकल कलेजले डवल दस्तुर लिइएको सम्बन्धमा। |
| २४ | २०७६/०७/२५ | आर्थिक राष्ट्रिय दैनिक | अप्रत्यक्ष | हुलाकि सडकको निर्माण १० वर्षमा ५५ प्रतिशत मात्र सम्पन्न भएको सम्बन्धमा। |
| २५ | २०७६/०७/२६ | घनश्याम मिश्र | अप्रत्यक्ष | जानकी मन्दिरको फुलवारी तोडीएको अभियान्ताद्वारा सि.डी.यो लाई ज्ञान पत्र। |
| २६ | २०७६/०७/२६ | मिडिया र व्यक्ति | अप्रत्यक्ष | मन्दिरहरुको जग्गा व्यवस्थापन। |
| २७ | २०७६/०७/२६ | विन्ती प्रसाद चौधरी | प्रत्यक्ष | मधुवन एउटा ऐतिहासिक स्थल। |
| २८ | २०७६/०७/२६ | गजेन्द्र प्रसाद दास मा.वि द्धितीय स.प्र.अ | प्रत्यक्ष | छानविन गरि दोषि माथि आवश्यक कारबाही गरी पाऊँ। |
| २९ | २०७६/०७/२६ | योगेन्द्र महतो, धर्मेन्द्र यादव | प्रत्यक्ष | अस्याई शिक्षकहरुको समस्या सम्बन्धमा। |
| ३० | २०७६/०७/२७ | संगीता यादव | प्रत्यक्ष | प्रदेश २ का औषधि पसलहरुमा अवैध औषधि विक्री भएको र अवैध क्लिनिक सञ्चालन समेत रहेको। |
| ३१ | २०७६/०७/२७ | सञ्चार माध्यम | अप्रत्यक्ष | वैदेशिक रोजगारमा ब्यापक ठगी। |
| ३२ | २०७६/०७/२७ | जर्नादन लाल दास | प्रत्यक्ष | मैथिलीमा अनुदित राष्ट्रगानको स्वीकृतीको सिफारीस सम्बन्धमा। |
| ३३ | २०७६/०७/२८ | नयाँ पत्रिका/व्यक्ति | अप्रत्यक्ष | दलितलाई भोजमा बोलाएर पस्किएको खाना खान लाग्दा सोरेर फालिदिएको। |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ३४ | २०७६/०७/२८ | नागरिक न्यूज/व्यक्ति | अप्रत्यक्ष | ९ सय ६१ स्थानमा सीमा अतिक्रमण। |
| ३५ | २०७६/०८/०२ | नेपाल राष्ट्रिय साप्ताहिक/ मिडीया/व्यक्ति | अप्रत्यक्ष | मेडिकल कलेजको आडमा ब्रह्मलुट। |
| ३६ | २०७६/०८/०४ | राम रोशन दास | अप्रत्यक्ष | विवाह पञ्चमीको अवसरमा राष्ट्रिय विदा हुनुपर्ने, छोटेमहन्त जानकीमन्दीर, जनकपुर धाम। |
| ३७ | २०७६/०८/०४ | मुरली मनोहर मिश्र | प्रत्यक्ष | जानकी मन्दिर अतिक्रमण जग्गा सम्बन्धमा/ जग्गा छुट्याउन। |
| ३८ | २०७६/०८/०७ | रविराज साह | प्रत्यक्ष | कलाकारको पेसागत असुरक्षा। |
| ३९ | २०७६/०८/०७ | निशा यादव | अप्रत्यक्ष | महिला आत्महत्या दिनानुदिन बढ्दै गएको। |
| ४० | २०७६/०८/०७ | अभिनाश कुमार साह | अप्रत्यक्ष | गरुडाढ ,रौतहट चिनीमीलको जग्गा बेच्ने क्रममा रहेको। |
| ४१ | २०७६/०८/०७ | अभिनाश कुमार साह | प्रत्यक्ष | ईटा भट्टा बाट पर्यावरण प्रदुषण हुने गरेको । |
| ४२ | २०७६/०८/०७ | चन्दन कुमार साह | प्रत्यक्ष | तथ्याङ्क विभागसँग जिल्लाहरुको सुक्ष्म तथ्याङक अझै नरहेको र थर विगार्ने गरेको । |
| ४३ | २०७६/०८/०९ | मिडीया/व्यक्ति | अप्रत्यक्ष | दहेजको मोटरसाईकल नामसारी नगरेको भन्दै श्रीमतीको हत्या गरेको। |
| ४५ | २०७६/०८/०९ | उमेश लाल कर्ण | प्रत्यक्ष | समायोजन व्यवस्था बारे । |
| ४६ | २०७६/०८/०९ | दिलीपचन साहु | प्रत्यक्ष | ज्ञापन पत्र सम्बन्धमा । |
| ४७ | २०७६/०८/१८ | लभ कुमार ठाकुर | प्रत्यक्ष | न्यायँ पाउँ भन्ने बारे । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ४८ | २०७६/०८/१८ | हरिवंश महतो | अप्रत्यक्ष | सुचना तथा विवरणको प्रमाणीत प्रतिलिपी पाउँ भन्ने बारे । |
| ४९ | २०७६/०८/१८ | रंजित कुमार साह | प्रत्यक्ष | दोषिलाई सार्वजनिक गरी कारबाहीको माग र क्षतिपर्ती उपलब्ध गराईदिने सम्बन्धमा । |
| ५० | २०७६/०८/१८ | मुकेश कुमार ठाकुर | प्रत्यक्ष | एफ.एम सञ्चालनको लागिदर्ता भएर पनि - ग्रेटर मधेश शब्द हटाउनु पर्ने भनि रोकिएको । |
| ५१ | २०७६।०८।२२ | तारा कान्त झा | प्रत्यक्ष | निवृती भरण रकमको व्यवस्थाको सम्बन्धमा । |
| ५२ | २०७६।०८।२७ | रंजितकुमार यादव | प्रत्यक्ष | हिसान थापाथली सम्बन्धमा । |
| ५३ | २०७६।०९।०६ | रंजित कुमार यादव | प्रत्यक्ष | राष्ट्रिय मानव अधिकार आयोग हरिहर भवन सम्बन्धमा । |
| ५४ | २०७६।०९।१३ | चंदन साह सहितका किसानहरु | अप्रत्यक्ष | उखुको रकम २०७० साल देखि नपाएको सम्बन्धमा । |
| ५५ | २०७६।०९।२९ | दिलिप महतो परिवार | अप्रत्यक्ष | अवैध तरिकाले नदिजन्य पदार्थको उत्खनन् गर्नेलाई रोक्ने प्रयास गर्दा दिलिप महतो भनिने ओम प्रकाश महतोको टिपर द्धारा हत्या । |
| ५६ | २०७६।१०।०२ | राम देव शाह | अप्रत्यक्ष | सर्लाही जिल्ला लालबन्दी न.पा.-६ मा अवस्थीत रामदेव साहको घरमा आगलागी ले पुर्याएको क्षति सम्बन्धमा । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ५७ | २०७६।१०।०६ | जयविर साह | प्रत्यक्ष | समायोजन संशोधन सम्बन्धमा । |
| ५८ | २०७६।१०।१७ | राजेश कु. केशरी | प्रत्यक्ष | बारा जिल्ला निवासी हाल महेन्द्र रत्न क्याम्पस , ताचलमा अध्यनरत छात्रा दृष्टी विहीन भएकाले र पारीवारिक आर्थिकस्थिती कमजोर भएकाले छात्रावृत्ती वा पढाईको लागि सहयोग उपलब्ध गराईदिने बारे । |
| ५९ | २०७६।१०।१७ | विभिषण सहनी | अप्रत्यक्ष | नोवेल मेडिकल विराटनगरमा बढी शुल्क लिएको बारे । |
| ६० | २०७६।१०।१८ | मोहम्वत मकसुद | प्रत्यक्ष | रौतहट जिल्लामा विपन्न वर्गका छोराछोरीलाई विद्यालयको पहुँचबाट टाढा भएको सम्बन्धमा । |
| ६१ | २०७६।१०।१९ | नागरीक समाज, काठमाणडौ | अप्रत्यक्ष | कवाडी व्यवस्थापन सम्बन्धमा । |
| ६२ | २०७६।१०।१९ | मिडिया | अप्रत्यक्ष | तराई-मधेशमा T.U शैक्षिक तथा भौतिक शिक्षा जिर्ण भएको । |
| ६३ | २०७६।१०।१९ | विक्रम त्रिपाठी | प्रत्यक्ष | मधेशीको चिडीमार, पथरकट्टा र धनिकार जातिलाई लोपोन्मुख जातमा सुचिकृत गरीनुपर्ने । |
| ६४ | २०७६।१०।१९ | नागरिक दैनिक पत्रीका बाट साभार | अप्रत्यक्ष | सर्लाही, ईन्दुसंकट चिनीमील बाट अत्याधिक प्रदुषणका कारण वरपरको वातावरण प्रदुषण । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ६५ | २०७६।१०।१९ | रिता महतो | अप्रत्यक्ष | घरेलु हिंसा सम्बन्धमा । |
| ६६ | २०७६।१०।२० | पुजा दत्त | प्रत्यक्ष | National Academy For Medical Science मा अध्यनरत छात्रालाई मानसिक तथा आर्थीक यातना दिईएको सम्बन्धमा । |
| ६७ | २०७६।१०।२० | शुसिल प्रसाद सेनुरीया/बानिया | अप्रत्यक्ष | मधेशी अन्तर्गतको जाती र थर सुचिकृत गरी पाउँ । |
| ६८ | २०७६।१०।२१ | धर्मनाथ चौधरी | अप्रत्यक्ष | छोरा जयप्रकाश चौधरी जलेश्वर जेलमा ८ बर्ष देखि रहेको सम्माननीय राष्ट्रपतिज्यू समक्ष माफीको लागि पहल गरिदिने बारे। |
| ६९ | २०७६।१०।२१ | अन्जु राजोपाध्याय | प्रत्यक्ष | पप्पु सिङ राजविराज निवासी ले उजुरीकर्ताको (अरुको जग्गा धितो राखेर पैसा निकालीदिन्छु भन्ने आश्वासनमा) नगद रु. ४ लाख लिएको र फिर्ता नगरेको सम्बन्धमा। |
| ७० | २०७६।१०।२१ | मिडिया | अप्रत्यक्ष | धनुषामा मोबाइलको मेमोरीकै कारण महिलाको हत्या, सासु ससुरा श्रीमान र नन्दो पक्राउ । |
| ७१ | २०७६।१०।२३ | किशन माली,रुपन्देही | अप्रत्यक्ष | अल्पसंख्या जातजाती हुँ भनि सिफारीस गरिदिनुहुन । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ७२ | २०७६।११।०६ | व्यक्ति तथा पत्रपत्रिका | अप्रत्यक्ष | गलत सुचना प्रकाशित गरिएको (२०७६।०२।१५ गते Janakpur Today पत्रिकामा प्रकाशित नभएको सुचनालाई Janakpur Today पत्रिकाले औरोही न.पा.को सुचना प्रकाशन गरेको) सम्बन्धमा । |
| ७३ | २०७६।११।०६ | नेपाल पत्रकार महासंघ | अप्रत्यक्ष | कार्यक्रम सिफारीस सम्बन्धमा । |
| ७४ | २०७६।११।०८ | शुशिल चन्द साह | अप्रत्यक्ष | कानुन वमोजिम सजाय गरी रकम असुल उपर गराई पाउँ । |
| ७५ | २०७६।११।३० | मिडीया/व्यक्ति | अप्रत्यक्ष | होलि पर्वको कार्यक्रममा अनेरास्ववियु का विद्याथीले कार्यक्रम विथोलेका र कुटपिट गरेको सम्बन्धमा । |
| ७६ | २०७६।११।३० | राजदेव मण्डल | अप्रत्यक्ष | साउदी अरबमा ओमामा मेनपावर बाट गएका मधेशी मुलका नेपालीहरुलाई ४ महिना देखि कम्पनीले तलब नदिएको सम्बन्धमा । |
| ७७ | २०७६/१२/०४ | विनय प्रविन | अप्रत्यक्ष | विपक्षमाथी प्रहरीले मुद्धा प्रभावकारी ढंगबाट नचलाएको सम्बन्धमा ।सिरहा जिल्लाको मिर्चैया थानामा ज्यान मार्ने भन्ने मुद्धा दर्ता गरेको घाईते निवेदक श्रवण मण्डल |
| ७८ | २०७६/१२/०४ | महेक जैन | प्रत्यक्ष | समकक्षताको लागि पहल गरिदिने बारे । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ७९ | २०७६/१२/०६ | मिडीया, बारा जिल्ला | अप्रत्यक्ष | लागु पदार्थको प्रयोग कर्तामा वृदि धनुषामा २१ जना घरेलु मदिरा बाट मृत्यू भएको २०७६/११/२८ देखि चैत्र ५ गते सम्म । |
| ८० | २०७६/१२/०६ | हेटौंडा सिभिल साईटि | अप्रत्यक्ष | चैत्र छटलाई कसरी म्यानेज गर्ने। |
| ८१ | २०७६/१२/०६ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | सकरी मुसहरी उठीवासको ठहर । |
| ८२ | २०७६/१२/११ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | मस्जिद र मदरसामा लुकेकाहरु क्वारेन्टीनमा नगएको सचेतना नभएको । |
| ८३ | २०७६/१२/११ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | लकडाउन उल्लंघन गरेको सचेतना नभएको । |
| ८४ | २०७६/१२/१२ | मिडिया र स्वास्थ्यकर्मी | अप्रत्यक्ष | सुरक्षा कवचको सामाग्री नभएको सामाग्री उपलब्ध हुन नसकेको । |
| ८५ | २०७६/१२/१४ | व्यति र मिडिया | अप्रत्यक्ष | राहात नपाएको विभेदीकरण र राजनितिकरण भएको । |
| ८६ | २०७६/१२/१५ | व्यक्ति र मिडिया | अप्रत्यक्ष | सिमा नाकाबाट भित्रिने गरेको BOP र भारतीय क्षेत्र सुव्यवस्थित हुन नसकेको । |
| ८७ | २०७६/१२/१८ | मिडिया/ चिकित्सक | अप्रत्यक्ष | स्वास्थ्यकर्मी असुरक्षित प्राविधिक अस्पतालमा उपयुत्त साधन PPE नभएको । |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ८८ | २०७६/१२/१९ | व्यक्ति र मिडिया | अप्रत्यक्ष | दिर्घ रोगीहरुलाई उपचार र औषधीको अभाव अस्पतालहरुको OPD बन्द भएको । |
| ८९ | २०७६/१२/२० | गोप्य | अप्रत्यक्ष | निजि अस्पतालहरुमा सेवा बन्द गरेको सम्वेदनहीनता र जवाफदेहीता नभएको । |
| ९० | २०७६/१२/२१ | इन्द्रदेव मण्डल | अप्रत्यक्ष | टोखा न.पा.ले राहत नदिएको । |
| ९१ | २०७६/१२/२२ | रीता महतो | अप्रत्यक्ष | अस्वस्थ्य सामाग्री वितरण राहतमा पालिकाहरुले अस्वस्थ्य सामाग्रीहरुको वितरण गरेको । |
| ९२ | २०७६/१२/२५ | भोला यादव | अप्रत्यक्ष | किसानको सामाग्रीहरुको बजारीकरणको समस्या बजारीकरणको व्यवस्था । |
| ९३ | २०७६/१२/२६ | व्यक्ति र मिडिया | अप्रत्यक्ष | विदेशबाट आएकि महिलाहरुलाई क्वारेन्टीनको उचित व्यवस्थापन। |
| ९४ | २०७६/१२/२८ | व्यक्ति र मिडिया | अप्रत्यक्ष | राजमर्गका यात्रु तथा व्यक्तिहरुलाई व्यवस्थित राहत र भोजन प्रधान गर्नु पर्ने। |
| ९५ | २०७६/१२/२९ | रीता साह | अप्रत्यक्ष | नागरिकता नभएका वा अन्य क्षेत्रका नागरिकहरुलाई राहत नदिएको। |
| ९६ | २०७६/१२/३० | मिडिया/व्यक्ति | अप्रत्यक्ष | जनकपुरधाम सहितका अन्य पालिकाहरुमा सफाईको कमी। |
| ९७ | २०७७/०१/०१ | मिडिया/व्यक्ति | अप्रत्यक्ष | ससरीमा जैतुन खातुनको भागाभागमा मृत्यु भएको। |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ९८ | २०७७/०१/०२ | रीता महतो | अप्रत्यक्ष | बन्दाबन्दीको बेलामा घरेलु हिंसा बढेको। |
| ९९ | २०७७/०१/०२ | सुरक्षा निकाय | अप्रत्यक्ष | भारतीय चालकहरुलाई कोरोना परिक्षण नभएको र प्रयास Kit को व्यवस्था नभएको। |
| १०० | २०७७/०१/०३ | मिडिया/ व्यक्ति | अप्रत्यक्ष | राहत नपाएको घरवेटीहरुले नागरीकता नदिएको। |
| १०१ | २०७७/०१/०३ | मिडिया/ चिकित्सक | अप्रत्यक्ष | ऐम्बुलेन्स चालकहरुलाई सुरक्षा साधनको अभावको कारणले गाडि नचलाएको। |
| १०२ | २०७७/०१/०३ | रीता साह सिरहा | अप्रत्यक्ष | लाहान न. पा. ले अस्वस्थ्य वस्तुहरु राहतमा बाढेको। |
| १०३ | २०७७/०१/०३ | शम्भू शर्मा ससरी काठमाण्डौं कपन | अप्रत्यक्ष | ६० जनाले राहत नपाएको र पास पनि नपाएको। |
| १०४ | २०७७/०१/०३ | सुनिल कर्ण मैतिदेवी काठमाण्डौं | अप्रत्यक्ष | युवाहरुले मधेशी भैया भनेर अभद्र व्यवहार गरेको। |
| १०५ | २०७७/०१/०३ | चिकित्सकहरु | अप्रत्यक्ष | Teaching अस्पतालका ३ जना डाक्टरहरुलाई प्रहरीले अभद्र व्यवहार गरेको। |
| १०६ | २०७७/०१/०४ | मिडिया | अप्रत्यक्ष | नियमित खोपहरु संचालन नभएको। |
| १०७ | २०७७/०१/०४ | संचारकर्मी | अप्रत्यक्ष | जनकपुरको PCR मेशीन विरगंजमा लगिएको मुख्यमन्त्री लाल बावु राउतले पठाउनु भएको । |
| १०८ | २०७७/०१/०८ | मिडिया/ व्यक्तिहरु | अप्रत्यक्ष | राहत वितरणको अवस्था गम्भिर रहेको प्रथम चरणमा पनि समस्यानै रहेको। |
| १०९ | २०७७/०१/०८ | संचारकर्मी | अप्रत्यक्ष | सवै जिल्लाहरुमा PCR मेशिन नभएको विग्रीएको मेशीन जनकपुरधाममा रहेको। |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| ११० | २०७७/०१/१० | मिडिया/ व्यक्ति | अप्रत्यक्ष | प्रदेश २ का जिल्लाहरुमा ICU र Ventilater को व्यापक कमी रहेको। |
| १११ | २०७७/०१/११ | संचारमाध्यमहरु | अप्रत्यक्ष | ससरी सिरहा,धनुषा,महोतरीमा धार्मिक सदभावहरु भडकाउने कार्य भएको। |
| ११२ | २०७७/०१/१२ | मिडिया/ व्यक्ति | अप्रत्यक्ष | धार्मिक गुरु र सर्वदलिय र सर्वपक्षिय बैठकहरु भएको। |
| ११३ | २०७७/०१/१२ | श्याम यादव | अप्रत्यक्ष | ससरीका सिकर्मीहरुलाई राहत नदिएको। |
| ११४ | २०७७/०१/२१ | संचारमाध्यम | अप्रत्यक्ष | महोत्तरी र धनुषामा दर्जनौको संख्यामा अज्ञात रोगको कारणले मृत्यु भएको RDT र PCR Test नभएको। |
| ११५ | २०७७/०१/२२ | आशिष गुप्ता | अप्रत्यक्ष | बाँकेको नरेनापुरमा क्वारेन्टीनमा समस्या रहेको गा.पा. अध्यक्ष। |
| ११६ | २०७७/०१/२३ | श्यामसुन्दर यादव ससरी | अप्रत्यक्ष | भारतीय मज्दुरले ईटा भट्टामा कार्यरतहरुले राहत नपाएको। |
| ११७ | २०७७/०२/०१ | श्री प्रसाद साह | अप्रत्यक्ष | रेडियो जनकपुर संचालक शितल साहलाई प्रयोग शालाको सम्वन्धमा समाचर प्रसारण गरेकोले युगल यादवले धम्की दिएको। |
| ११८ | २०७७/०२/०१ | उमेश चौधरी जनकपुर | अप्रत्यक्ष | क्वारेन्टीनमा आमा – बुवासंगै बसेका बच्चाबच्चिहरुलाई पौष्टिक खाना नदिएको आश्रितको विजोग। |
| ११९ | २०७७/०२/०३ | नि. प्रमुख राम बिनय साह | अप्रत्यक्ष | प्रदेश २का सामाजिक विकास मन्त्रीले प्रादेशिक प्रयोगशालालाई अस्त – व्यस्त बनाएको। |

| क्र.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| १२० | २०७७/०२/०३ | प्रदेश नं.- ५ नागरिक समाज | अप्रत्यक्ष | विजयपुर गा.पा. कपिलवस्तु सशस्त्र बलद्धारा लाठी प्रहार भएको। |
| १२१ | २०७७/०२/०४ | काठमाण्डौं/ व्यक्ति | अप्रत्यक्ष | घनश्याम झालाई सैनिक पोशाक लगाएको नेपाली सेनाद्धारा दुरव्यवहार गरेको। |
| १२२ | २०७७/०२/०५ | संचार माध्यम | अप्रत्यक्ष | जनतासंग गफ-गाफ कार्यक्रममा मधेशी धोती जस्ता शब्द प्रयोग गरि अभद्र व्यवहार गरेको। |
| १२३ | २०७७/०२/०७ | मिडिया | अप्रत्यक्ष | प्रदेश सरकारका मुख्य न्यायधिवक्ताले लेटर प्याड प्रदेश – २ को र सहि न्यायधिवक्ता प्रयोग गरि अख्तियार दुरुपयोग गरेको। |
| १२४ | २०७७/०२/०८ | व्यक्तिहरु | अप्रत्यक्ष | जनकपुरधामका दलितहरुले राहत नपाएको। |
| १२५ | २०७७/०२/०८ | गोप्य | अप्रत्यक्ष | National Medical college मा उपचारको क्रममा ७ जना मृगौला रोगीको मृत्यु। |
| १२६ | २०७७/०२/०९ | गोपाल ठाकुर बारा | प्रत्यक्ष | फुटबल संघका अध्यक्षले मधेशीको राष्ट्रियता कमजोर भएकोले नेपाली सेनासंग सर्लाही सिराह महोतरी र धनुषामा फुटबल खेलाउने। |
| १२७ | २०७७/०२/११ | जनमत पार्टी | प्रत्यक्ष | कृषि T.V. को प्रशारणमा मधेशीलाई अपमान गरेकोले कृषि T.V. विरुद्ध उजुरी गरेको। |
| १२८ | २०७७/०२/११ | अजय सिंह र चन्दन साह | प्रत्यक्ष | Tik-Tok मा मधेशीहरुलाई सुस्मिले होच्याएको। |
| १२९ | २०७७/०२/११ | दयान्द गोइत गा.पा. | प्रत्यक्ष | संघीय सरकारले सहयोग नगरेको Kit र स्वास्थ्य सामाग्रीहरुको व्यापक अभाव। |

| क.स. | मिति | उजुरी कर्ताको नाम/ थर | उजुरीको माध्यम प्रत्यक्ष/अप्रत्यक्ष | उजुरीको विषय |
|---|---|---|---|---|
| १३० | २०७७/०२/१२ | डा. राजेश अहिराज | प्रत्यक्ष | मिडियाहरुबाट मधेशी समुदायलाई होच्याउने कार्यक्रमहरुलाई कार्वाही गर्नुपर्ने। |
| १३१ | २०७६/१२/१८ | प्रमोद नन्द झा | अप्रत्यक्ष | सशस्त्र प्रहरी बलद्धारा अत्याधिक बल प्रयोग वलान-विहुल गा.पा. वडा नं.- ३ सप्तरी। |
| १३२ | २०७७/०२/१२ | विरगंज | अप्रत्यक्ष | National Medical Collge ले मृतकको स्वाव परिक्षण बिना नै लाश परिवारलाई बुझाएको। |
